का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ पुस २०८१,
आइतबार
29 December, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३१० । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




# रोकिएन कम्युनिस्ट फुटको शृंखला



- १० वैशाख २००६ मा भारतको कोलकातामा नेपाल कम्युनिस्ट पार्टीको गठन
- २०१० सालमा नेकपाको पहिलो महाधिवेशनमा मनमोहन अधिकारी महासचिवमा निर्वाचित
- २०१४ सालको दोस्रो महाधिवेशनबाट केशरजंग रायमाझी नेकपाका महासचिव
- २०१९ मा केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ र डीपी अधिकारीलाई पार्टीबाट निश्कासन
- २०२५ जेठमा तेस्रो सम्मेलनको आयोजना गरेर पुष्पलालले बेग्लै पार्टी घोषणा
- २०२५ सालमै तुलसीलाल अमात्य र पुष्पलाल पनि छुट्टिए
- २०२८ सालमा झापा जिल्ला कमिटी र केन्द्रीय न्युक्लियसका रूपमा कम्युनिस्ट पार्टी खुले
- २०३६ सालमा मनमोहन अधिकारीले नेपाल कम्युनिस्ट पार्टी (मनमोहन) स्थापना
- २०४३ सालमा नेकपा (मार्क्सवादी) गठन
- २०४० सालमा निर्मल लामा समूहको अगुवाइमा नेकपा (चौम) गठन
- २०४७ सालमा बाबुराम भट्टराईसहितका समूह मिलेर एकता केन्द्र गठन
- २०४७ सालमा नेकपा (मार्क्सवादी) र नेकपा (माले) मिलेर नेकपा एमाले गठन
- २१ फागुन २०५४ मा एमाले विभाजित, माले र एमाले बनेका
- ९ भदौ २०७८ मा नेकपा एमाले पुनः विभाजित भई नेकपा (एकीकृत समाजवादी) दर्ता

**घनेन्द्र ओझा/मध्यान्ह**
काठमाडौं, १३ पुस ।

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास साढे ७ दशकको भइसकेको छ । यसबीच नेपाली कम्युनिस्ट पार्टीमा एकता र विभाजनको क्रम पनि निरन्तर छ । नेपाली कम्युनिस्ट आन्दोलनमा जुट र फुटको शृंखला हेर्दा बडो रोचक देखिन्छ । यसभित्र ' गद्दारी' र 'धोकाधडी'का शृंखला दृश्य/अदृश्य रूपमा रहेका कम्युनिस्ट आन्दोलनका अगुवा तथा विश्लेषकहरूले बताउँदै आएका छन् ।

१० वैशाख २००६ मा भारतको कोलकातामा नेपाल कम्युनिस्ट पार्टीको गठन भएको मानिँदै आएको छ । आफ्ना दाजु गंगालाललाई राणा शासनले मारेको र आफूमा पनि निरंकुश राणा शासन अन्त्य गर्नुपर्छ भन्ने लागेको युवा पुष्पलाल श्रेष्ठको अगुवाइमा नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास श्रेष्ठ र मोतीदेवी मिलेर कोलकातामा नेकपा गठन गरे ।

२०१० सालमा नेकपाको पहिलो महाधिवेशनमा मनमोहन अधिकारी महासचिवमा निर्वाचित भए । त्यस बेला देशमा प्रजातन्त्र आएर खुला वातावरण बनिसकेको थियो । खुला राजनीतिक वातावरणमा नेकपाले राजनीतिक गतिविधि र संगठन गरिरह्यो ।

२०१४ सालको दोस्रो महाधिवेशनबाट केशरजंग रायमाझी नेकपाका महासचिव बने । रायमाझीले नेपाली कम्युनिस्ट आन्दोलनमा टुटफुटको शृंखलाको श्रीगणेश गरिदिए ।

रायमाझी राजासँग मिलेर अघि बढ्नुपर्छ भन्ने पक्षमा रहे । रायमाझीको त्यही सोचकै कारण नेपाल कम्युनिस्ट पार्टी पहिलो पटक विभाजन भयो । राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई अपदस्त गरेर मुलुकको सम्पूर्ण शासनसत्ता आफ्नो हातमा लिएर बीपी कोइरालालाई जेल हाले । रायमाझीले राजा महेन्द्रको कदमलाई स्वागत गरे तर पुष्पलाल, मोहनविक्रम सिंह, तुलसीलाल अमात्य र मनमोहन अधिकारी उक्त कदमको विरोधमा »» पृष्ठ २ मा

# बेरोजगारीले बनायो सफल व्यवसायी

'काम सानो ठूलो हुँदैन, आफूलाई जे मन लाग्छ, त्यही काम गर्नुपर्छ । पढालेखा मान्छे भएर पनि किन काठसम्बन्धी काम गरेको होला भन्थे सबै जना'



**सपना बोहरा/मध्यान्ह**
दाङ, १३ पुस ।

बेरोजगार भएकै कारण डिप्रेसन, अपराध, आत्महत्या, आत्महत्या प्रयासका घटनाहरू दिन प्रतिदिन बढ्दै गइरहेका छन् । तर, दाङका प्रमोद श्रेष्ठलाई भने बेरोजगारीले नै सफल काष्ठकलाकर्मीका रूपमा पहिचान दिएको छ ।

३७ वसन्त पार गरिसकेका श्रेष्ठले गणित विषयमा स्नातक उत्तीर्ण गरेका छन् । यो समयमा उनले धेरै संघर्ष गरे तर हार मानेनन् । सुरुमा उनले शिक्षण पेसा गरे । सोचेजस्तो भएन, पढाउन छाडिदिए । त्यसलगत्तै दाङमा एनसेलको शाखामा नाम निकालेर केही समय काम गरे । त्यहाँ पनि उनलाई चित्त बुझेन । जागिर छाडिदिए ।

त्यसपछि उनी पूरै बेरोजगार भए । भर्खरै बिहे गरेका, त्यसमाथि बेरोजगार । झनै समस्या भयो । श्रेष्ठका बुबा निजामती कर्मचारी । उनले पनि खरिदारमा मात्रै भए पनि जागिर गरे हुन्थ्यो भन्ने परिवारको चाहना थियो ।

जागिरमा उनलाई मन लागेन । सरकारी जागिरमा चासो भएन । पूर्ण बेरोजगार भएको महसुस भएको थियो श्रेष्ठलाई । आफ्नै गुजारा चलाउनका लागि भए पनि केही न केही काम त गर्नै पर्थ्यो । जागिर छाडिसकेका श्रेष्ठसँग कुनै लगानी थिएन ।

गाउँघरमा पाइने काठलाई आकार दिएर फर्निचरका सामग्री बनाउन थाले । अरूसँग छिना मागेर काठका ढोका, चौकसलगायतका फर्निचरका सामानहरू बनाउन थाले । सुरुका दिनमा रूखको छहारीमा काम काम नलाग्ने काठहरूको ढोका, चौकस बनाउन थाले ।

उनको काष्ठकला बाटो हिँड्ने मान्छेले मनपराएर किन्दिन्थे । त्यसपछि धेरैलाई थाहा भयो र झ्याल-ढोकालगायतका सामग्रीहरू बनाउन अर्डर पनि दिने गरेका उनले बताए । रूखको छहारीमुनि बनाएका झ्याल-ढोकाले खासै आफ्नो घर व्यवहार नचल्ने भएपछि ११-१२ वर्ष पहिले दाङ छाडेर काठमाडौंतिर लागेको उनले बताए ।

'काठमाडौं पुगेपछि मेरो एक जना नाता पर्नेसँग भेट भयो, उहाँको काष्ठ फर्निचर थियो', श्रेष्ठले भने, 'त्यही काम गर्दै काष्ठकलासम्बन्धी काम सिकें ।' काष्ठसम्बन्धी सम्पूर्ण काम सिकेपछि दाङ फर्केर आफ्नै उद्योग खोलेको बताए । दाङको घोराही उपमहानगरपालिका- १५ मा नेवारी काष्ठकला उद्योग संचालन गरेका छन् उनले । उद्योग संचालन गरेको »» पृष्ठ २ मा

# गठबन्धन जोगाउन बीआरआईमा हस्ताक्षर

परराष्ट्रमन्त्री डा. आरजु राणाका अनुसार बीआरआईमा हस्ताक्षर नगरेको भए एमाले-माओवादी केन्द्रको गठबन्धन बन्ने र कांग्रेस सरकारबाट बाहिरिनुपर्ने अवस्था बनेको थियो । यो परिस्थितिको ब्रिफिङ डा. राणाले भारतीय नेताहरू र आफ्नै पार्टीभित्र गरेकी हुन्



हामीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई गत सेप्टेम्बरमा नेपाल भ्रमणका लागि औपचारिक निमन्त्रणा गरेका छौं । उहाँ पनि नेपाल आउनुहुन्छ होला, हामीलाई पनि अवश्य बोलाउनुहुन्छ । उहाँहरूको व्यस्तता होला, उपयुक्त समयमा पक्कै बोलाउनुहुन्छ

■ **डा. आरजु राणा**
परराष्ट्रमन्त्री

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ पुस ।

परराष्ट्र.मन्त्री डा. आरजु राणा शुक्रबार साँझ धनगढी पुगिन् । धनगढी विमानस्थलमा पत्रकारहरूसँगको भेटमा उनले २ छिमेकी मुलुक भारत र चीनसँग नेपालको सम्बन्ध राम्रो रहेको बताइन् ।

पत्रकारहरूसँग छुटेपछि उनले शुक्रबार साँझै र शनिबार बिहान स्थानीय नेताहरूसँग भेटघाट गरिन् । नेताहरूका अनुसार डा. राणालाई स्थानीय नेताहरूको दुइटा जिज्ञासा थिए । एउटा- भारतले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भ्रमणको निम्तो किन दिएन ? अर्को- बीआरआईमा हस्ताक्षर गर्न कांग्रेस किन तयार भएको र बीआरआईमा भएको हस्ताक्षरबारे भारतको प्रतिक्रिया के छ ?

भेटमा उपस्थित एक नेताका अनुसार परराष्ट्रमन्त्री डा. राणाले भारतले नेपालका प्रधानमन्त्रीलाई औपचारिक भ्रमणका लागि निमन्त्रणा नदिएको तर यसका लागि वातावरण बन्दै गरेको बताएकी छन् । आफू भारत र चीन दुवैसँग उस्तै राम्रो सम्बन्ध बनाउन लागि.परेको भन्दै उनले यसको परिणाम चाँडै निस्कने विश्वास लिएकी छन् ।

पत्रकारहरूसँग पनि उनले यस्तै बताएकी छन् । उनले भनेकी छन्, 'हामीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई गत सेप्टेम्बरमा नेपाल भ्रमणका लागि औपचारिक निमन्त्रणा गरेका छौं । उहाँ पनि नेपाल आउनुहुन्छ होला, हामीलाई पनि अवश्य बोलाउनुहुन्छ । »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# अमेरिकामा नेपालीलाई भेडा चराउने रोजगारी

**काठमाडौं/मस-** अमेरिकाले नेपाललाई कृषि कामदार आपूर्ति गर्ने स्रोत मुलुकमा राखेको छ । आगामी २० जनवरीमा सत्ता हस्तान्तरण गर्न लागेका अमेरिकाका वर्तमान राष्ट्रपति जो बाइडेनले १७ जनवरीदेखि लागू हुनेगरी नेपाललाई पनि सिजनल कृषि कामदारका लागि खुला गर्ने निर्णय गरेका हुन् ।

२० जनवरीमा हुने सत्ता हस्तान्तरणपछि 'अमेरिका फर्स्ट'को नारामा राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले अघिल्लो सरकारको निर्णयलाई कायमै राख्लान् ? भन्ने विषयमा कतिपयले आशंका व्यक्त गरेका छन् ।

अमेरिकी यूएससीआईएसले मूलतः कृषि मजदुरलाई एच टु ए र एच टु बी भिसा जारी गर्दै आएको बताएको छ । अमेरिकाले पछिल्लो पटक भित्र्याउन लागेको कामदारलाई कृषिअन्तर्गत भेडा र बाख्रा चराउने काममा लगाउन सक्ने बताइएको छ ।

## करोड खर्च गरेर अमेरिका छिरेका ११५ नेपाली डिपोर्ट

काठमाडौं/मस- संयुक्त राज्य अमेरिकामा सत्ता हस्तान्तरणको तयारी चलिरहँदा आप्रवासी समुदायमा रोजगार गुमाएर स्वदेश फर्किनुपर्ने त्रास बढेको छ । अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले आगामी २० जनवरीदेखि कार्यकाल सम्हादै छन् ।

विश्वविद्यालयहरूले ट्रम्प ह्वाइट हाउसमा फर्कनुअघि अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई घर फर्कन आग्रह गरिरहेका छन् । कलेज र विश्वविद्यालयहरूले अमेरिकी आप्रवासन नीतिहरूमा हुन सक्ने परिवर्तनको आँकलन गर्दै उक्त आग्रह गरेका हुन् ।

हाल अमेरिकामा ११ लाख २६ हजार ६९० अन्तर्राष्ट्रिय विद्यार्थीले अमेरिकी उच्च शिक्षा संस्थाहरूमा अध्ययन गरेका छन् । उनीहरूमध्ये अधिकाश रोजगारीमा छन् । राष्ट्रपतिमा निर्वाचित

ट्रम्पले चुनावी अभियानमा उनीहरूका कारण अमेरिकीहरूले रोजगारी गुमाउनुपरेको भन्दै डेमोक्रेटिक पार्टीको चर्को आलोचना गरेका थिए ।

यसैबीच वर्तमान राष्ट्रपति जो बाइडेन प्रशासनले आफ्नो कार्यकालमा ११५ अवैधानिक हैसियतमा रहेका नेपालीलाई देश निकाला गरेको बताएको छ । उनीहरू ८० लाखदेखि १ करोडसम्म खर्च गरेर अवैधानिक रूपमा मेक्सिको हुँदै अमेरिका छिरेका बताइएको छ ।

नयाँ राष्ट्रपतिले कार्यकाल सुरु गरेपछि पहिलो आदेश नै आप्रवासीविरुद्धमा गर्ने अनुमान छ । त्यसपछि कागजात पूरा नगरेका धेरै नेपाली डिपोर्ट हुन सक्ने बताइएको छ ।

## रोकिएन ...

उभिए । रायमाझीमा नाम मात्रको कम्युनिस्ट बाँकी रहेको तर भित्र दरबारको हंस रहेको भनेर भनिन्थ्यो ऊबेला ।

रायमाझीले आफ्नो सोच, व्यवहार र धारणामा परिवर्तन गरेनन् बरु 'राजावादी कम्युनिस्ट'कै रूपमा बाँचिरहे । पछि उनी तत्कालीन राजसभा स्थायी समितिको सभापतिसमेत बने ।

२०१७ फागुन-चैतमा भारतको दरभंगामा बसेको पार्टीको विस्तारित बैठकले ९ महिनाभित्र पार्टीको तेस्रो महाधिवेशन गर्ने निर्णय गरेको थियो तर तोकिएको समयमा महाधिवेशन हुन सकेन । पार्टीभित्र बहुमत र अल्पमतबीच विवाद बढ्न थाल्यो । अल्पमतको अगुवाइमा ४-५ वैशाख २०१९ मा भारतको वनारसमा तेस्रो महाधिवेशन गरियो ।

महाधिवेशनमा पुष्पलालले विघटित संसद् पुनर्स्थापनाको नारा प्रस्तुत गरे भने मोहनविक्रम सिंहका तर्फबाट बलराम उपाध्यायद्वारा संविधानसभाको निर्वाचनको नारा प्रस्तुत गरिएको थियो । महाधिवेशबाट केशरजंग रायमाझी, शम्भुराम श्रेष्ठ र डीपी अधिकारीलाई ३, १ र २ वर्षका लागि पार्टीबाट निश्कासन गरियो । यही कारण पार्टी विभाजन भयो ।

यस महाधिवेशनले अमात्यलाई पार्टी महासचिव निर्वाचित गरेर पुष्पलाल, मनमोहन अधिकारी, हिक्मतसिंह भण्डारी, कृष्णराज वर्मा, मोहनविक्रम सिंह र कमलराज रेग्मी गरी ७ सदस्यीय सचिवालय निर्वाचित गर्‍यो । अधिकारी, वर्मा र सिंह भने त्यस बेला जेलमा थिए ।

पुष्पलाल र तुलसीलालबीचको असमझदारी चर्किंदै गयो । महासचिव अमात्य र वरिष्ठ नेता पुष्पलालका बीच आरोप-प्रत्यारोप सुरु भयो । उनीहरू 'कुन बाटो ?' र 'मूलबाटो' पुस्तक नै लेखेर आरोप-प्रत्यारोपमा उत्रिन थाले । यही किचलो बढ्दै गएपछि २०२५ जेठमा भारतको गोरखपुरमा तेस्रो सम्मेलनको आयोजना गरेर पुष्पलालले बेग्लै पार्टीको घोषणा गरे ।

त्यस बेला पुष्पलालको पार्टीलाई 'चीनमुखी' भनेर चिनिन्थ्यो भने रायमाझीको पार्टीलाई 'रुसमुखी ।'

यसैबीच २०२३ सालतिर नेकपाको पूर्व मेची-कोसी प्रान्तीय कमिटी गठन भयो । रायमाझीको समूह नेकपाबाट अलग्गियो । यसको एक वर्षपछि २०२४ सालमा पुष्पलालले नेकपाको तेस्रो महाधिवेशन गराए ।

यसपछि पनि नेकपा फुटको शृंखलाले झनै निरन्तरता पाउन थाल्यो । सैद्धान्तिक भन्दा पनि 'जुँगाको लडाइँ', पदको आकांक्षाले पार्टी विभाजन हुन थालेको एक जना पुराना वामपन्थी विश्लेषक बताउँछन् । पुष्पलालसँग लामो समय बिताएका उनी यसपछि एकले अर्कालाई 'गद्दार' भन्दै अलग्गिने क्रम सुरु भएको सुनाउँछन् । अन्ततः २०२५ सालमै तुलसीलाल अमात्य र पुष्पलाल पनि छुट्टिए ।

केन्द्रमा टुटफुट चलिरहँदा २०२८ सालमा झापा जिल्ला कमिटी र केन्द्रीय न्युक्लियसका रूपमा कम्युनिस्ट पार्टी खुले । झापा कमिटीको नेतृत्व सीपी मैनालीले गरे । मैनालीहरूले किसान आन्दोलनलगायतका नाममा पञ्चायत फाल्न चर्चित 'झापा विद्रोह' सुरु गरे ।

अर्कातिर मोहनविक्रम सिंह नेतृत्वमा देखिए । सिंहले 'राष्ट्रियता'को मुद्दालाई अगाडि सारेर जनमत लिने प्रयास गरे । भारतीय विस्तारवाद र सामन्तवादविरुद्ध आफूलाई उभ्याए ।

२०२८ सालमै भापा विद्रोहका क्रममा केपी शर्मा ओली पनि देखिए । उनी त्यसताका सक्रिय युवा नेता थिए ।

पुष्पकमल दाहाल कुनै धारमा थिएनन् । पुष्पलालसँग केही समय सँगै रहेका पुष्पकमल दाहाल केही समयमै मोहनविक्रम सिंहको चौथो महाधिवेशनमा आबद्ध भए । सोही समूहमा भक्तबहादुर श्रेष्ठ र निर्मल लामा पनि थिए ।

कम्युनिस्ट फुटको शृंखला रोकिने छाँट रहेन । सानातिना मतभेद, विवाद र असन्तुष्टिमै निकै सजिलो गरी नेपाली कम्युनिस्ट पार्टी फुट्न थाले । निर्दलीय पञ्चायतको बिगबिगी रहेका बेला निर्दलीयता र निरंकुशताका विरुद्धमा उभिएर संघर्ष गर्नुपर्ने राजनीतिक शक्तिहरू आपसी लडाइँमा रुमल्लिएर फुट्न थालेपछि निर्दलीयता पक्षधर दरबार र पञ्चेहरू खुसी भएका ती पुराना वामपन्थी विश्लेषक बताउँछन् ।

२०३५ साउनमा पुष्पलालको निधन भयो । त्यस बेलासम्म पुष्पलालको नजिक रहेका मानिएका युवा नेताहरू मदनकुमार भण्डारी, वामदेव गौतमले पनि अर्कै संगठन सुरु गरे- मुक्ति मोर्चा समूह नाममा ।

झापाली विद्रोहका नेताहरू अखिल नेपाल कोअर्डिनेसन कमिटीमा सामेल भइसकेका थिए । यी दुवै समूह मिलेर ११ पुस २०३५ मा नेकपा (माले) गठन भयो । महासचिव बने सीपी मैनाली ।

२०३६ सालमा मनमोहन अधिकारीले नेपाल कम्युनिस्ट पार्टी (मनमोहन) दल खोले । यही बेला कम्युनिस्टहरूबीच मतभिन्नता रह्यो- जनमतसंग्रहमा भाग लिने कि नलिने भन्नेमा । तर, अधिकारीले जनमतसंग्रहमा बहुदलका पक्षमा निर्वाचनमा भाग लिए । नेपाली कांग्रेसलाई साथ दिए । कांग्रेससँग उनको यो साथ २०४६ सालको आन्दोलनसम्म निरन्तर रह्यो । सोही कारण पञ्चायती व्यवस्था अन्त्य पनि हुन पुग्यो ।

नेकपा मालेले भने जनमतसंग्रह बहिस्कार गरेको थियो । पुष्पलालको निधनपछि उनको पार्टीमा बलराम उपाध्याय र सहाना शीर्ष तहमा रहे । यही समूह पछि २०४३ सालमा आएर मनमोहन अधिकारीको पार्टीसँग एकता भई नेकपा (मार्क्सवादी) गठन भयो ।

मोहनविक्रम सिंहको चौथो महाधिवेशनले भने २०३६ सालको जनमतसंग्रह बहिस्कार गरेको थियो । जनमतसंग्रहलाई लिएर पार्टीभित्र मतभेद देखिएको थियो । निर्मल लामा जनमतसंग्रहलाई उपयोग गर्नुपर्ने पक्षमा थिए तर मोहनविक्रमले त्यसलाई मानेनन् । २०४० सालमा लामा समूहको अगुवाइमा नेकपा (चौम) गठन भयो । मोहनविक्रमको समूहले भने पार्टीको नाम नेकपा मसाल राख्यो र महामन्त्री बने मोहनविक्रम ।

नेकपा मसालको पाँचौं महाधिवेशनले महामन्त्री सिंहको राजनीतिक लाइन पास गर्‍यो । तर, उनीमाथि यौन दुराचारको आरोप लागेपछि कारबाहीमा परे । मसालमा फुटको यो शृंखला लामो समयसम्म जारी रह्यो तर पनि मोहनविक्रम सिंह र पुष्पकमल दाहालबीच एकता भने हुन सकेन ।

२०४१ सालमा भएको पाँचौं महाधिवेशनबाट महामन्त्रीमा मोहन वैद्य निर्वाचित भए । तर, श्रीलंकाको तमिल विद्रोहलाई समर्थन गर्ने कि विरोध ? भन्ने विषयमा दलमा मतभेद भयो । मोहनविक्रमले चित्रबहादुर केसीसहित ४ जना केन्द्रीय सदस्य लिएर नयाँ पार्टी बनाए- नेकपा मसाल नाममा । अब नेकपाको त्यो पक्ष पातलो मसाल र मोटो मशालमा विभाजित भयो । वैद्य नेतृत्वको पार्टीको नाम नेकपा मशाल बन्यो ।

मशालले १-१६ मंसिर २०४१ मा भारतको अयोध्यामा पाँचौं महाधिवेशन सम्पन्न गरेर मोहन वैद्यलाई महासचिवमा चुन्यो ।

यस महाधिवेशनको रमाइलो पक्ष के रह्यो भने, कारबाहीमा परेका मोहनविक्रमका तर्फबाट चित्रबहादुर केसीले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन पारित भयो तर नेतृत्वमा भने वैद्य आए ।

अब फेरि सिंह पक्षले केन्द्रीय आयोजक समिति गठन गरेर पार्टी विभाजन गर्‍यो । २०४२ चैतमा गोरखपुरमा 'चौथो राष्ट्रिय सम्मेलन' गरेर नयाँ केन्द्रीय संगठन समिति गठन गरे । छैटौं महाधिवेशन गरेर पार्टीको नाममा 'मसाल' थप्ने निर्णय गर्‍यो । यो समूहबाट बाबुराम भट्टराईहरू बाहिरिए, २०४७ सालमा ।

बाबुरामसहितका अन्य समूह मिलेर एकता केन्द्र गठन भयो । दीनानाथ शर्मा पनि २०५४ सालमा एउटा समूह लिएर मसालबाट बाहिरिए । उनले आफ्नो समूहलाई २०५७ सालमा माओवादीमा मिलाए ।

पुष्पकमल दाहाल २०४५ सालमा नेकपा मशालको महामन्त्री भए । मशालले माओवादलाई पार्टीको प्रमुख सिद्धान्त मान्ने निर्णय गर्‍यो । यी दुवै दल २०४६ सालको आन्दोलनमा संयुक्त वाम मोर्चामा गएनन् ।

२०४६ सालको जनआन्दोलनअघि पञ्चायतविरुद्ध लड्न मनमोहन नेतृत्वको मार्क्सवादी पार्टी र सीपी मैनालीको मालेसहित अन्य साना समूह मिलेर संयुक्त वाममोर्चा बनाए । वाममोर्चाले नेपाली कांग्रेससँग मिलेर संयुक्त आन्दोलन गर्‍यो । त्यसपछि वाममोर्चामा आवद्ध कम्युनिस्ट घटकहरू संसदीय व्यवस्थामा प्रतिस्पर्धामा होमिए ।

'संसद् भनेको खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ठाउँ हो' भन्दै तथा २०४७ सालको संविधानलाई 'आलोचनात्मक समर्थन' गर्दै अन्ततः नेपाली कम्युनिस्टहरू नेकपा एमालेसँगै त्यही संसदीय व्यवस्थाको भासमा फसे । आजसम्ममा उनीहरूको व्यावहारिक मार्ग साम्यवादभन्दा धेरै पर पुगिसकेको छ ।

आज ती कम्युनिस्टहरू बर्खाका ठूला जुका जस्ता बनेर संसद्मा लछारपछार गर्दै सत्ता स्वादमा मग्न मस्त रहेका राजनीतिक वृत्तमा चर्चा चल्छ ।

२०४६ सालमै नेकपा (मशाल), नेकपा (मसाल), सर्वहारा श्रमिक संगठन (नेपाल मजदुर किसान पार्टी), नेकपा (चौम)लगायत मिलेर संयुक्त जनआन्दोलन संयोजन समिति बनाए । बहुदलपछि दाहालको पार्टी मशाल, निर्मल लामाको पार्टी नेकपा चौम, सर्वहारावादी श्रमिक संगठन र रूपलाल विश्वकर्माको समूह मिलेर नेकपा (एकता केन्द्र) बनाए । मोहनविक्रमको पार्टीमा रहेका बाबुराम भट्टराई पनि यही पार्टीमा आवद्ध भए ।

यसको २ वर्षमै सशस्त्र युद्धको विषयलाई लिएर मतभेद सुरु भयो । यही मतभेदका बीच निर्मल लामाहरूले एकता केन्द्र छाडे । २०५१ सालमा निर्मल लामा, नारायणकाजी श्रेष्ठ, अमिक शेरचन, लीलामणि पोखेल मिलेर अर्को नेकपा (एकता केन्द्र) गठन भयो ।

दाहाल नेतृत्वको एकता केन्द्रले नाम परिवर्तन गरेर नेकपा माओवादी राख्यो । त्यसपछि दाहालको अगुवाइमा सशस्त्र युद्ध सुरु भयो । १० वर्षसम्म आततायी तवरले सशस्त्र युद्ध गरेको माओवादी देखिएको हिसाबमा १७ हजारभन्दा बढी (नदेखिएको बेपत्तालगायतको संख्या बाँकी नै छ), नेपालीको ज्यान गएपछि २०६३ सालमा शान्ति प्रक्रियामा आयो ।

उता, माओवादी सशस्त्र द्वन्द्वका एक 'डिजाइनर' बाबुराम भट्टराईले माओवादी मात्र होइन, कम्युनिस्ट आन्दोलन नै छाडेका छन् । माओवादीबाट अलग भएका बाबुराम नयाँ शक्ति पार्टी नेपालका संयोजक हुँदै अहिले नेपाल समाजवादी पार्टीका नेता छन् ।

२०५९ सालमा मोहनविक्रम सिंह नेतृत्वको मसाल र नारायणकाजी श्रेष्ठ नेतृत्वको एकता केन्द्रबीच एकता भए पनि माओवादीलाई हेर्ने दृष्टिकोणमा भने मतभेद कायमै रह्यो । यो समूह २०६३ सालमा आएर फेरि चिरा परेको थियो । हुँदाहुँदा आज तत्कालीन नेकपा माओवादी नेत्रविक्रम चन्दको हालैको अभिव्यक्तिअनुसार १९ टुक्रामा विभक्त भइसकेको छ ।

पञ्चायतको अन्त्यपछि मनमोहन र सीपीको पार्टीबीच एकता भयो र बन्यो नेपाल कम्युनिस्ट पार्टी (एमाले) । महासचिव बने मदन भण्डारी । ३ जेठ २०५० मा मदन भण्डारीको दासढुंगा दुर्घटनामा परी निधन भएपछि माधवकुमार नेपाल महासचिव बने । माधव नेपालले लगभग डेढ दशक एकछत्र राज गरे एमालेमा ।

नेपालकालीन एमालेमा नेपालबाट पीडित इतर समूह आक्रोशित बन्दै गयो । आफ्ना विरोधी र इतर समूहका नेतालाई निमिटचान्न पार्नुपर्छ भन्ने कम्युनिस्ट 'स्कुलिङ' माधव नेपालमा निकै देखियो त्यस बेला । उनले आफ्ना विरोधी र इतर समूहकालाई अघोषित रूपमै बहिस्करण गरिरहे । अन्ततः त्यही इतर समूह पार्टी सत्तामा आएपछि माधव नेपालले नै एमाले छाडेर बाहिरिनुपरेका छ अहिले ।

२९ माघ २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पी. भी. नरसिंह रावले महाकाली सन्धिमा हस्ताक्षर गर्दा तत्कालीन एमालेको नेतृत्व माधवकुमार नेपालले गरेका थिए । त्यस बेला केपी शर्मा ओली महाकाली सन्धिका पक्षमा उग्र ढंगले लागेका थिए अर्थात् माधव नेपाललाई साथ दिएका थिए ।

२ देशका प्रधानमन्त्रीले हस्ताक्षर गरेको महाकाली सन्धि ४ असोज २०५३ मा संसद्ले दुई तिहाइ बहुमतका साथ पारित गर्‍यो । एमालेभित्रैको एउटा ठूलो तप्काले महाकाली सन्धिको विरोध गर्‍यो । यही मुद्दाका कारण एमालेभित्र अन्तरविरोध तीव्र बन्यो । महाकाली सन्धि राष्ट्रघाती भएको प्रचारमा सीपी मैनाली, वामदेव गौतम, घनश्याम भुसाल, योगेश भट्टराईहरू लागे ।

अन्ततः त्यसको असर एमालेको छैटौं महाधिवेशनलगत्तै देखियो । २१ फागुन २०५४ मा एमाले औपचारिक रूपमै विभाजित भयो । सीपी मैनालीले 'एक्लो बृहस्पति' बनेर फुटेर गएको नेकपा (माले)लाई आजसम्म सम्हालिरहेका छन् तर पार्टी छाडेर हिँडेका वामदेव गौतम, घनश्याम भुसाल, योगेश भट्टराईलगायतकाहरू भने 'पुनर्मुसिको भवः' भएर ४ वर्षपछि एमालेमा फर्किए ।

यसको कारण थियो, २०५६ सालको आमनिर्वाचनमा शून्य सिटमा चित्त बुझाउनु । यसपछि मालेमा भविष्य नदेखेर एमालेमै फर्किएका उनीहरू धेरैले एमालेबाट सांसद र मन्त्री खाने सौभाग्य पाइसकेका छन् ।

अहिले फुटको रोग नेकपा एमालेमा सरेको छ । ९ भदौ २०७८ मा नेकपा एमाले पुनः विभाजित भई नेकपा (एकीकृत समाजवादी) दर्ता भयो । नेकपा एमालेबाट अलग्गिएको माधव नेपाल खेमा गत आमनिर्वाचनमा राष्ट्रिय पार्टीसमेत बन्न सकेन ।

नेकपा विभाजनपछि यता न उताको अवस्थामा रहेर 'नेकपा एकता राष्ट्रिय अभियान'का संयोजक बनेका वामदेव गौतम अन्ततः नेकपा (एकीकृत समाजवादी)मा प्रवेश गर्ने चाँजो मिलाइरहेका छन् ।

यसैबीच एमालेका पूर्वउपाध्यक्ष तथा शक्तिशाली नेता मानिने भीम रावललाई पनि ओलीले पार्टीको संगठित सदस्यताबाटै निष्कासन गरेका छन् । उनी यसपछि नयाँ पार्टी खोल्ने वा नेकपा एसमा सामेल हुने भन्ने मन्थनमा छन् ।

कम्युनिस्ट आन्दोलनको इतिहासदेखि वर्तमानसम्म कम्युनिस्ट फुटको शृंखला निरन्तर छ । नेकपा एकता प्रयास असफल भएपछि नेताहरूबीचको अविश्वास चुलिँदो छ । वर्तमान प्रवृत्तिले आगामी दिनलाई समेत संकेत गरिरहेको छ

## बेरोजगारीले...

पनि ११ वर्ष पुग्न लागेको उनले बताए ।

काष्ठकलासम्बन्धी साविक राप्तीकै उद्योग भएको उनको भनाइ छ । 'काष्ठसम्बन्धी सम्पूर्ण काम उद्योगबाट हुने गरेको छ', उनले भने, 'सरकारी कार्यालय, मठ-मन्दिरका ढोका, भगवान्का मूर्तिहरू बनाइसकेका छौं ।' बेरोजगार भएकै कारण आफू काष्ठकलामा लागेको बताउने श्रेष्ठले आफ्नो उद्योगमा केहीलाई रोजगारी पनि दिएका छन् ।

'काम सानो ठूलो हुँदैन, आफूलाई जे मन लाग्छ, त्यही काम गर्नुपर्छ', उनले विगत सम्झिँदै भने, 'पढालेखा मान्छे भएर पनि किन काठसम्बन्धी काम गरेको होला भन्थे सबै जना ।' उनी आफ्नो उद्योगमा काम मात्र गर्दैनन्, काठसम्बन्धी तालिम पनि दिने गर्छन् । शून्य लगानीमा व्यवसाय गरेका श्रेष्ठले अहिले १५ लाखको लगानी गरेको बताए ।

'सुरुमा त शून्य लगानी नै थियो', उनले भने, 'गाउँघरमै हुने छिना र काठबाट काम सुरु गरेको हुँ ।' उद्योगबाटै उनले महिनामा डेढदेखि २ लाख आम्दानी हुने गरेको बताए । हस्तकला मार्फत नै काठमा बुट्टा भर्ने गरेको उनले सुनाए ।

कलमले नक्सा कोरेर काठको बुट्टा भर्न कम्तीमा पनि १ हप्ता लाग्ने गरेको उनको भनाइ छ । पछिल्लो समय मन्दिर, सरकारी कार्यालयहरूमा भ्याल-ढोका तथा विभिन्न मूर्तिहरूको अर्डर आइरहेको पनि उनले बताए ।

सरकारी जागिर खाए हुन्थ्यो भन्ने सोच भएका उनका बुवा श्याम श्रेष्ठ अहिले छोराको प्रगति देखेर खुसी भएको बताउँछन् । 'काठमा हातमार्फत आकर्षक बुट्टा भरेको देखेर आफैं दंग पर्छु', उनले भने । उद्योगमा बझाङका सुजन दर्जी, दाङ तुल्सीपुरका डम्बर नेपाली, घोराहीका रीता जी. एम., सुशील जी. एम., रोल्पाका राम घर्तीलगायतले काष्ठकलासम्बन्धी काम गर्छन् ।

## गठबन्धन...

उहाँहरूको व्यस्तता होला, उपयुक्त समयमा पक्कै बोलाउनुहुन्छ ।'

चिनियाँ विकास परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ्स (बीआरआई)मा हस्ताक्षर भएको विषयमा पनि कुनै शंका नराख्न कांग्रेस नेताहरूलाई परराष्ट्रमन्त्री डा. राणाको आग्रह छ । बीआरआई फ्रेमवर्कमा हस्ताक्षर भए तापनि नयाँ विषय नरहेको उनको ब्रिफिङ छ ।

बीआरआईअन्तर्गत कुनै पनि कार्य अगाडि बढ्न फेरि अर्को सम्झौता हुनुपर्ने भएकाले यसलाई लिएर पार्टी र सरकार कतै ढल्कियो कि भनेर सोच्न आवश्यक नरहेको उनको भनाइ छ । यही विषय आफूले भारतीय पक्षसँग पनि राखेको उनले बताएकी छन् ।

परराष्ट्रमन्त्री डा. राणाका अनुसार बीआरआईमा हस्ताक्षर नगरेको भए एमाले-माओवादी केन्द्रको गठबन्धन बन्ने र कांग्रेस सरकारबाट बाहिरिनुपर्ने अवस्था बनेको थियो । यो परिस्थितिको ब्रिफिङ डा. राणाले भारतीय नेताहरू र आफ्नै पार्टीभित्रसमेत गरेकी हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा गत १९ मंसिरमा बीआरआई सहकार्य फ्रेमवर्कमा हस्ताक्षर भएको थियो । योसँगै नेपालले चीनले अघि बढाएको र सन् २०१७ मा हस्ताक्षर गरेको बीआरआईलाई आधिकारिक रूपमा अघि बढाउने पक्का भएको सन्देश प्रवाह भएको छ । तर, यसमा भारतले चित्त दुखाएको नेताहरू बताउँछन् ।

प्रधानन्त्री ओलीसँगै चीन भ्रमणमा गएकी परराष्ट्रमन्त्री डा. राणा नेपाल फर्किएपछि युरोपियन मुलुक हुँदै नयाँ दिल्ली पुगिन् । भारतबाट पनि डा. राणा नेपाल फर्किसकेकी छन् । तर, नयाँ दिल्लीमा उनले गरेको राजनीतिक भेटघाटका विवरण सार्वजनिक भएका छैनन् ।


# Khandbari Municipality
# Office of The Municipal Executive
**Khandbari, Sankhuwasabha**
**Koshi Province**

## Invitation for Bids

**First Date of Publication: 2081-09-14 (2024-Dec.-29th)**

1. **Khandbari Municipality, Office of the Municipal Executive, Sankhuwasabha** invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Single Stage Double Envelope Bidding Procedures (Technical Bid and Financial Bid). Major qualification criteria, name and identification of the contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Name of Project and Contract ID | Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Minimum Work Experience of Similar Size and Nature | Bid Security Amount (NRs.) | Bid Documents Fee(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Upgradation of Dubechhaur – Saatkuwa – Laharabar Road Project, Khandbari, Sankhuwasabha (Bituminous Road) (KMO/NCB/WORKS/05/081/082) | Nrs. 2,92,00,000.00 | Nrs 78,00,000.00 | 6,46,000/- | 5,000/- |

2. All bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12:00 Noon, on **2025-01-28** (or as per the date adjusted by e-GP System). Detail electronic bid Submission procedure is as e-GP directives of PPMO. Further information can be obtained from www.bolpatra.gov.np/eGP or from **Khandbari Municipality, Office of the Municipal Executive**, Tel. 029562141, E-mail: khandbari.mun@gmail.com.
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO's e-procurement web portal www.bolpatra.gov.np/eGP. Bidders shall deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher must be uploaded by the bidder at the time of electronic submission of the bids.

**Name of the Bank** : **Rastriya Banijya Bank, Branch Office, Sankhuwasabha**
**Name of Office** : **Khandbari Municipality Office**
**Office Code Number** : **365-05-11**
**Antarik Rajaswa Khata** : **2080100301010002**

4. Pre-bid meeting shall be held at Khandbari Municipality Office, on 2025-01-19 at 13:00 PM.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM on **2025-01-28** (or as per the date adjusted by e-GP System) at the Khandbari Municipality Office. Non-attendance of any or all the Bidder's representatives shall not hinder opening of the Bids.
6. The bid must be accompanied by Original Voucher of Bid Security as stated in the table either in the form of bank voucher confirming cash deposits in Khandabri Municipality, Office of the Municipal Executive Office .Account No.: 2080100303000002 Dharauti Khata or a bid security issued by a commercial bank (approved by Nepal Rastra Bank. Bids must be valid for a period of **90 days.** Counting from the day of bid opening and must be accompanied by Bid Security as mentioned above which shall be valid for a minimum 30 days beyond the bid validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract. Similarly, the contract signing shall take place after the approval of the Master Procurement Plan (MPP) of the project from the concerned authority.
9. After the completion of evaluation of technical bids all the technically substantially responsive bidders will be invited to attend the opening of price bids. The time, date and place of opening of price bids shall be notified in writing and/or by publishing notice.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**

# दीक्षित विद्यार्थीलाई प्रधानमन्त्रीले भने 'विद्वान हुँ भन्ने घमण्ड नगर्नुहोला'

काठमाडौं/मस-प्रधानमन्त्री केपी शर्मा ओलीले सबै नेपालीलाई शान्तिपूर्ण, सम्मानित, समृद्ध र सुखीरुपमा बाँच्न पाउने अवस्था सिर्जनाका लागि प्राप्त गरेको ज्ञानको प्रयोग गर्न दीक्षित विद्यार्थीलाई आग्रह गरेका छन् ।

त्रिभुवन विश्वविद्यालयद्वारा शनिबार दरशथ रंगशालामा आयोजित ५०औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै विश्वविद्यालयलका कुलपति ओलीले समाजलाई लोकतान्त्रिक, सुसंस्कृत र इमानदारपूर्ण बनाउन र विद्वान हुँ भन्ने कुनै घमण्ड नगरी विनयशील हुन पनि आग्रह गरे । प्रधानमन्त्री ओलीले उपाधि पूरा भएपछि पनि अध्ययन पूरा नहुने भएकाले प्राप्त ज्ञानलाई व्यवहारिक जीवनमा उतारेर परिस्कृत गर्न पनि आग्रह गरे । 'आफैसँग भएको विद्या व्यवहारमा उतार्न सकिएन भने त्यो विद्याको काम लाग्दैन । ज्ञानलाई व्यवहारिक रुपमा र समाजको समग्र पक्षको भलाइका लागि प्रयोग गर्नुपर्छ', प्रधानमन्त्री ओलीले भने, 'हामीले मुलुकलाई २० प्रतिशतमा रहेको निरपेक्ष गरिबीको स्थितिबाट मुक्त गर्ने पहिलो अभिभारा लिनुपर्छ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाको यात्रालाई हामीले अगाडि बढाउनुपर्छ ।' प्रधानमन्त्री



ओलीले नेपाल ज्ञान, ध्यान, योग र संस्कृतिको भूमि भएको उल्लेख गर्दै पूर्खाको ज्ञानप्रति कृतज्ञ भएर उनीहरुबाट सिक्नुपर्नेमा जोड दिए ।

समारोहमा प्रमुख अतिथि अर्थशास्त्री डा. रामप्रकाश यादवले जीवनमा संघर्ष र इमानदारितालाई पछ्याउन सकेमा सफलता हासिल हुने बताए । सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षण सिकाइमा प्रविधिको प्रयोग बढाउनुपर्नेमा जोड दिइन् । विश्वविद्यालयका उपकुलपति प्रा.डा.केशरजंग बरालले विश्वविद्यालयका क्याम्पसहरु एकापसमा गाभ्ने नीति लिइएको जनाए । १४ हजार दीक्षित त्रिभुवन विश्वविद्यालयका १४ हजार तीन सय आठ जना विद्यार्थी दीक्षित भएका छन् । प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजित ५० औं दीक्षान्त समारोहमा विद्यावारिधि गर्ने र सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई प्रमाणपत्र प्रदान गरे । त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीका अनुसार स्नातक तहका नौ हजार ६८, स्नातकोत्तर तहका पाँच हजार ५५, एमफिलका ६३ र विद्यावारिधि (पिएचडी) का एक सय २२ जना विद्यार्थी दीक्षित भएका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट लिइएका विभिन्न तह एवं विषयका परीक्षामा सर्वप्रथम भएका विद्यार्थीलाई विभिन्न पदकबाट पुरस्कृतसमेत गरिएको छ । यस वर्षको त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ शहीद उपप्राध्यापक हरिराज अधिकारी स्वर्णपदक व्यवस्थापन संकायका हीरा श्रेष्ठलाई र श्री इन्द्रभक्त श्रेष्ठ स्वर्णपदक स्कुल अफ म्यानेजमेन्टका सुधा काफ्लेलाई प्रदान गरिएको छ ।

यसैगरी, अमृत पदक रसायनशास्त्र केन्द्रीय विभागका सुशील पोखरेललाई, मदन विद्या वातावरण विज्ञान पुरस्कार वातावरण विज्ञान केन्द्रीय विभागका रिकिता भण्डारीलाई, नेपाल बैंक लिमिटेड सरदार गुञ्जमान सिंह स्वर्णपदक र रामकृष्ण न्हुच्छे प्रधान पुरस्कार काठमाडौं मोडल कलेजका रेविका भण्डारीलाई प्रदान गरिएको छ । नरेन्द्रमणि आचार्य दीक्षित पदक र डा. मोहनप्रसाद लाखे स्वर्णपदक रत्नराज्यलक्ष्मी क्याम्पसका सुदीक्षा घिमिरेले पाएकी छन् । शान्ति-नारायण मिश्र पदकबाट पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका सञ्जीवकुमार सिंह, डा.दुबसु क्षेत्री स्वर्ण पदकबाट अन्तर र्ष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागका प्रतीकराज जोशी, इमिरेट्स प्रा.डा.रामप्रसाद चौधरी स्वर्ण पदकबाट वनस्पति शास्त्र केन्द्रीय विभागका श्रीणा क्षेत्री र नारायण शान्ति मिश्र पदकबाट पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका चेतना कुँवरबाछ पुरस्कृत भएका छन् ।

# नेपाली मौलिक पोशाक र नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्नुपर्नेमा जोड

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, १३ पुस



ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जली शाक्य बज्राचार्य (आस्था)ले कपडा तथा सिलाई व्यवसायीहरुले नेपाली मौलिक पोशाक र नयाँ पुस्तालाई सीप हस्तान्तरणमा प्राथमिकता दिनुपर्नेमा जोड दिएकी छन् ।

ललितपुर महानगर क्षेत्रमा सञ्चालन हुँदै आएको पेसा व्यवसाय सञ्चालकहरुका समस्या समाधानका लागि केही दिन अघि प्रधानमन्त्री के.पी.शर्मा ओलीको ध्यानाकर्षण गरेको स्मरण गर्दै उनले देशको आर्थिक विकास र समृद्धिका लागि स्थानीय तहबाट पनि विशेष अभियान चलाइने बताइन् ।

नेपाल कपडा तथा सिलाई व्यवसायी संघ, ललितपुरको आयोजना र ललितपुर उद्योग वाणिज्य संघको आर्थिक सहयोगमा आयोजित मोटिभेस्नल तथा एड्भान्स कोट कटिङ तालिमको समापन कार्यक्रममा उनले कपडा तथा सिलाई व्यवसायीहरुले वस्तु खरिद गरी पेसा सञ्चालनका लागि सीप प्रयोग गरी काम गर्दै आएकोमा त्यसलाई पनि विदेशी वस्तुले असर पुऱ्याएको उल्लेख गरिन् । उनले कपडा तथा सिलाई व्यवसायमा समय सुहाउँदो सीप विकास गर्नुपर्ने खाँचो औंल्याइन् ।

उपप्रमुख शाक्यले नेपाली उत्पादन र मौलिक पोसाकको प्रवर्द्धनमा प्राथमिकता दिन संघसँग ललितपुर महानगरपालिकाले सहकार्य गर्नेमा जोड दिइन् ।

उनले चुनौतीका बीचबाट नै अवसर सिर्जना गर्नु पर्ने स्मरण गर्दै नेपालको उद्योग व्यवसाय सुगौली सन्धी पछिदेखि नै पर निर्भर हुँदै आएको चर्चा गरिन् ।

ललितपुर महानगरपालिकाले फुटपाथ अतिक्रमणकारीलाई हटाउनका लागि महानगरपालिकाले प्रयत्न गर्दा गर्दै सफलता हासिल गर्न नसकिएको स्मरण गर्दै महानगरवासीको खाली जग्गा वा सटरमा पार्किङ व्यवसाय सञ्चालन गरेमा निःशुल्क दर्ता र सञ्चालन अनुमती दिने र त्यसलाई स्थानीयवासीले व्यवसायका रुपमा अघि बढाउन सक्नेमा उनले जोड दिइन् ।

ललितपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष सुसन महर्जनले ललितपुरका उद्योगी व्यवसायीहरुलाई ललितपुर महानगरपालिकाका जनताले तिरेको राजश्वबाट तलब भत्ता खाएर सेवा गर्न राखिएका व्यक्तिहरुले नै फुटपाथ व्यवसाय र पार्किङ सञ्चालन गराएर आर्थिक आर्जन गरेको स्मरण गर्दै ललितपुर महानगरपालिकाबाट सबै पेसा व्यवसायीहरुको हक हितका लागि नीतिगत रुपमा काम गर्ने प्रतिबद्धता जनाए ।

नेपाल टेलरिङ व्यवसायी महासंघका अध्यक्ष सदीश श्रेष्ठले अब राजनीतिक एजेण्डा सकिएकाले सम्पूर्ण शक्ति लगाएर मुलुकलाई आर्थिक विकासको एकल सूत्रमा लैजानु पर्ने खाँचो औंल्याए । उनले मुलुकभित्र अब कोही कसैले पनि बेरोजगार भएर बस्नु नपर्ने अवस्था सरकारले सिर्जना गर्नु पर्ने खाँचो औंल्याउँदै सरकारले 'समृद्ध नेपाल र सुखी नेपाली'को अभियानमा सिंगो मुलुकलाई नै आर्थिक विकासको एकल शुत्रमा अगाडि लैजानु पर्नेमा जोड दिए । अध्यक्ष श्रेष्ठले मुलुकको आर्थिक अवस्थालाई यथार्थपरक भएर हेर्ने हो भने अझै पनि नेपालमा लगानीको वातावरण त्यति उत्साहजनक बन्न नसकेकोले समयमै सरकारले अर्थतन्त्रमा दीर्घकालीन संरचनात्मक समस्या समाधान गर्दै अर्थतन्त्रमा लगानीको आधार विकास गर्न आह्वान गरे ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले फुटपाथ व्यापारीले गर्दा घरभाडा तिरेर व्यापार गर्दै आएका व्यवसायीहरु मर्कामा परेको स्मरण गर्दै नेपालका कपडा व्यवसायीहरुले सही भन्सार मूल्य तिरेर कपडा खरिद गर्ने अवसर नभएका कारण पीडामा रहेकोले राजश्व तिरेर व्यवसाय सञ्चालन गर्दै आएकालाई अनुगमनका नाममा कारबाही गर्ने तर करोडौंको व्यापार गर्दै आएका कुनै पनि व्यवसाय दर्ता नगरी मान्छे हिँड्ने बाटो छेक्ने फुटपाथ व्यापारीहरुलाई कुनै कारबाही नगरी प्रोत्सहान गरेको गुनासो गरे ।

नेपाल कपडा तथा सिलाई व्यवसायी संघ २०५५ का, ललितपुर जिल्ला शाखाका संस्थापक अध्यक्ष सुरज बज्राचार्यले व्यवसायीहरुले नेट प्रोफिट वा ग्रस प्रोफिट नाफा कुनलाई मान्ने भन्ने स्पष्ट गर्नुपर्ने उल्लेख गर्दै राज्यले कुनै पनि व्यवसाय सञ्चालन गर्दा त्यसमा लाग्ने सम्पूर्ण खर्च कटाएर मात्र २० प्रतिशत नाफा गर्न पाउने भन्ने विषयलाई स्पष्ट पारेर व्यवहार गर्नु पर्नेमा जोड दिए ।

सुनचाँदी व्यवसायी संघ ललितपुरका अध्यक्ष सुविन बज्राचार्यले हाल नेपालमा सुन आयातमा सरकारी तबरबाट भएको फेरबदलका कारण दैनिक पाँच करोडभन्दा बढी राजश्व संकलन हुँदै आएकोमा सो राजश्व शुन्यमा झरेको उल्लेख गर्दै सरकारी सरकारी नीति राष्ट्रिय हितका लागि काम गर्न सरकारको ध्यानाकर्षण गरे ।

ललितपुर उद्योग वाणिज्य संघका पूर्व महासचिव एवम् नेपाल खाद्य व्यापार संघका अध्यक्ष रुपकमान महर्जनले उद्योगी व्यवसायीहरुले आफ्नो जायजेथा बैंकमा धितो राखेर सञ्चालन गर्दै आएको पेसा व्यवसाय मुलुकमा आर्थिक मन्दिका कारण धरासायी हुँदै गएको स्मरण गर्दै डाइनामिक, डिप्लोम्याटिक बन्द हुनुका साथै ललितपुर महानगरपालिकाले विगतमा संकलन गर्दै आएको भाडा आम्दानी समेत गुमेको दुःखद् विषयमा चर्चा गर्दै आगामी दिनमा ललित उपमेयरबाट ललितपुरका उद्योगी, व्यवसायीहरुको हित र कल्याण हुने नीति तय गरेर अघि बढ्न मद्दत मिल्ने अपेक्षा गरे ।

नेपाल टेलरिङ व्यवसायी संघ काभ्रेका अध्यक्ष सुरेश श्रेष्ठले कपडा तथा सिलाई व्यवसायमा देखिएका समस्या समाधानका लागि साझा प्रयासको खाँचो औंल्याएका थिए ।

कार्यक्रममा तालिमका सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो । तालिम नेपाल टेलरिङ व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष राजमान डंगोलको प्रशिक्षणमा सम्पन्न भइ ३३ जनाको सक्रिय सहभागिता रहेको आयोजकले जनाएको छ ।

संघका अध्यक्ष पूर्णबहादुर महर्जनले मानव पहिचानको मर्यादा दिन पोशाकसँग सम्बन्धित पेसागत मर्यादा र सदस्यहरुको हितमा काम निरन्तर काम गर्दै आएको चर्चा गरेका थिए ।

# पूर्वन्यायाधीश वस्तीको निधन

**काठमाडौं/मस**-सर्वोच्च अदालतका पूर्वन्यायाधीश प्रकाश वस्तीको ७१ वर्षको उमेरमा निधन भएको छ । पूर्वन्यायाधीश वस्तीका साइलो भाई अधिवक्ता गजेन्द्र वस्तीकाअनुसार उनको हृदयघातका कारण शुक्रबार बेलुका ६ बजे थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।

प्रकाश वस्तीका छोरा डा.प्रणव वस्ती अमेरिकामा रहेका र आज बिहानसम्म आइसकेपछि पशुपति आर्यघाटमा अन्त्येष्टि गर्ने परिवारको तयारी छ । वस्तीको शव अस्पतालमै राखिएको छ । उहाँका श्रीमती, एक छोरा र तीन छोरी छन् ।

पूर्वन्यायाधीश वस्तीले करिब ६ वर्ष सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीशका रुपमा काम गरेका थिए । उनी २०६५ साल भदौ २२ गते नियुक्त भएर पदावधि



नथपिएपछि २०७० चैत २९ मा अवकाश भएका थिए ।

सर्वोच्च अदालतबाट अवकाश भएपछि उनी ६ वर्ष मानवअधिकार आयोगको सदस्य भएर काम गरे । अवकाश जीवन बिताइसकेका वस्ती न्याय र कानूनको क्षेत्रमा अध्ययन, अनुसन्धान एवं पुस्तक लेखनमा संलग्न थिए ।

गोरखा खोपलाङमा विसं २०१० असार ८ गते जन्मिनुभएका वस्ती २०३३ सालदेखि कानून व्यवसायमा प्रवेश गर्नुभएको थियो । विस २०६५ सालमा वरिष्ठ अधिवक्ता हुनुभएका उहाँको भ्रष्टाचार नियन्त्रण, देवानी कानुन एवं कानुनी प्रणालीको विकासक्रमका विषयमा रुचि थियो । उहाँले लेखेका धेरै पुस्तक बजारमा छन् ।

Urgently
**Required**
A reputed Europe based manpower would like to invite application for the following vacant positions.

**Business Dev. Manager (M/F) 2 Nos.**
- Fluent in English (Speaking, Reading & Writing).
- Age between 25-40 years.
- Good Computer Knowledge & must be able to work with MS Office Packages.
- Experience in similar field will be preferred.
- Bachelors Degree Passed.
- Salary : 50,000+.

**Operation Manager (F) 1 Nos.**
- Intermediate Completed or Bachelors passed.
- Good Command over English (Both speaking & writing).
- Computer literacy proficient with email, internet & office packages.
- Organized with the ability to prioritize and multi-task reliable with patience and professionalism.
- Age between 23-40 years.
- Salary : 35,000+.

**Documentation (F) 1 Nos.**
- Should have +2 passed.
- Well experience in the Microsoft Office, Photoshop, have a good knowledge of the internet suffering mail writing skill etc.
- Minimum 2 years experience in related field.
- Salary : Negotiable.

*Drop Your CV to :*
**Email: whitepearlmanpower@gmail.com**
WhatsApp - 9808000985
**White Pearl Light Manpower Services Pvt. Ltd.**
Samakhushi Townplaning, Kathmandu, Tel.: 4982823

**Aathbiskot Municipality**
**Office of the Municipal Executive**
**Aathbiskot, Rukum (West)**
**Karnali Province, Nepal**

**Invitation For Bids**

**Contract Identification No: Mentioned in a table below**
**Date of publication: 2081/09/14 B.S. (29th December, 2024)**

1. Aathbiskot Municipality Office invites electronic bids from eligible bidders for the following work under National competitive Bidding (NCB) procedure. Some of the qualification criteria are mentioned below, through the details are:

| S. N. | Contract No. | Description of work | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Date | Estimate Amount (Inc. VAT) NRs. |
|---|---|---|---|---|---|---|---|
| 1. | AMO/NCB/ W-01/2081/082 | Construction of Foot trail and other infrastructure for Chhimi. | 3000.00 (Non-Refundable) | 2,50,000.00 | 28 Jan 2025 12:00 Noon | 28 Jan 2025 02:00 PM | 93,53,777.32 |
| 2. | AMO/NCB/ W-02/2081/082 | Construction of Ward office Gate, Compound Wall, septic tank at Aathbiskot-07, 13. | 3000.00 (Non-Refundable | 4,50,000.00 | 28 Jan 2025 12:00 Noon | 28 Jan 2025 02:00 PM | 1,70,45,104.32 |
| Place to Purchase & Submit the Bid Document | | | PPMO'S website: www.bolpatra.gov.np/egp | | | | |
| Account details for the payment of non-refundable bid document fee | | | Bank Name: Prabhu Bank Ltd.<br>Bank Address: Aathbiskot Municipality 09, Rukum (west)<br>Account holder's Name: Aathbiskot Municipality Office<br>Account Number: 2607089815000178 (Revenue Account) | | | | |
| Account details to furnish the bid security amount | | | Bank Name: Prabhu Bank Ltd.<br>Bank Address: Aathbiskot Municipality 09, Rukum (west)<br>Account holder's Name: Aathbiskot Municipality Office<br>Account Number: 2607089815000048 (Dharauti/Retention Account) | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website: www.bolpatra.gov.np/egp

**Rajesh Gautam**
**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१४ पुस २०८१, आइतबार
29 December 2024, Sunday

## सम्पादकीय

# दीक्षान्तपछिको दायित्व

त्रिभुवन विश्वविद्यालयको ५०औं दीक्षान्त समारोहमा यस पटक १४ हजारभन्दा बढी विद्यार्थी दीक्षित भएका छन् । स्नातक तहका ९ हजार ६८, स्नातकोत्तर तहका ५ हजार ५५, एमफिलका ६३ र पीएचडीका १२२ जना विद्यार्थी दीक्षित भएका हुन् । त्रिविका कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले दशरथ रंगशालामा विभिन्न विधाका स्वर्ण पदक जित्नेसहित विद्यार्थीहरूलाई दीक्षित गराए । दीक्षान्त समारोहमा प्रधानमन्त्री ओलीले मन्तव्य पनि राखे । दीक्षित प्रमाणपत्र प्रदान गर्न पुगेका प्रधानमन्त्रीले मन्तव्य राख्नु परम्परा जस्तै बनेको छ । त्यसैले प्रचलित परम्परा पछ्याउँदै प्रधानमन्त्रीले केही आदर्श भाषण पनि गरे । तर, घोत्लिनुपर्ने विषय प्रधानमन्त्रीको आदर्श भाषण भन्दा पनि दीक्षित विद्यार्थीहरूको भविष्यबारे हो ।

किनकि, विश्वविद्यालय अध्ययन पूरा गरेकाहरूलाई अब तत्काल राज्यले आवश्यक जिम्मेवारी दिने कार्यक्रम ल्याउन सक्नुपर्छ । भन्नलाई त 'गोल्ड मेडलिस्ट'हरूले नै देशमै बसेर केही गर्ने चाहना रहेको प्रतिक्रिया दिएका छन् । तर, देशको परिस्थिति उनीहरूको प्रतिक्रिया जस्तो छैन । थुप्रै क्षेत्रमा सुधार नगर्ने हो भने यस पटक दीक्षित विद्यार्थीहरू आदर्श व्यक्ति बन्ने चाहनाले देश बस्ने छैनन् । सुधारको थालनी त्रिविबाटै गर्नुपर्ने छ । भर्खरै मात्र भागबन्डाका आधारमा क्याम्पस प्रमुखदेखि विभागीय प्रमुखहरू नियुक्त भएको सूचना सार्वजनिक भयो । उपकुलपति, डीन, रेक्टरदेखि सामान्य प्रशासनका कर्मचारी नियुक्तिसमेत राजनीतिक भागबन्डाका आधारमा भइरहेको छ । विद्यार्थी संगठनहरूको गतिविधि शैक्षिक सुधारका निम्ति भन्दा पनि अराजकता उन्मुख देखिन्छन् । अझ समयमा कक्षा सुरू नहुने, परीक्षा नलिने र नतिजा सार्वजनिक नहुने समस्याबाट कहिल्यै मुक्त नभएको विश्वविद्यालयबाट उत्पादित विद्यार्थीकै योग्यतामाथि विश्वास घटिरहेको छ ।

विश्वविद्यालयको कक्षा कोठाबाहिरको समस्या अझ ठूलो छ । कानुनी शासन, संविधानको सर्वोच्चता, नागरिकप्रति उत्तरदायी राज्य प्रणाली जस्ता मूलभूत क्षेत्रमै समस्या छ । लगातारको राजनीतिक अस्थिरताले राज्य संचालन प्रणालीलाई असन्तुलित र अविश्वसनीय बनाइरहेको छ । मुख्यगरी पारदर्शी शासन प्रणाली र सामाजिक न्यायको अनुभूति नहुँदा युवा पुस्ताले देशभित्रै भविष्य देख्न छाडिरहेका छन् । उपभोग्य एवं निर्माण सामग्रीमा बढिरहेको मूल्य र नागरिकको आयबीच सन्तुलन मिल्न सकिरहेको छैन । तर, यी सबै समस्या समाधान नगरी युवाहरूले देश छाड्ने क्रम रोकिने छैन । थालनी भने कार्यकारी प्रमुखबाटै गरिनुपर्छ । देशका कार्यकारी प्रधानमन्त्रीले विधिको शासन, संविधानको सर्वोच्चता र नागरिकप्रति उत्तरदायी काम थाल्ने मात्र हो भने देशभर आशाको संचार हुने छ । त्यस बेला युवा पुस्तालाई देशभित्रै सपना देख्न कुनै आदर्श भाषण आवश्क पर्दैन ।

# जलवायु परिवर्तनले बढाएको चिन्ता

वैज्ञानिकहरूको अनुमानअनुसार सन् २०२५-२०२९ सम्ममा तापक्रम वृद्धि १ दशमलव ५ डिग्री सेल्सियससम्म पुग्न सक्छ, जसले प्रभावहरूलाई अझ तीव्र बनाउन सक्छ....

अग्रलेख



● जगत शाही आचार्य

> सबै समस्याहरूको मूल कारण मानिसको लोभ र लालच हो, सधैं बाँचिरहने र बाँच्दाबाँच्दै अतिभोग गारिरहने चाहना नै अहिले पृथ्वीको छैटौं महाविनासको कारण बन्दै छ...

अहिले विश्वभर नै प्राकृतिक विपत्का घटना डरलाग्दो ढंगले भइरहेका छन् । भूकम्प, भारी वर्षा, हुरी, बाढी, अत्यधिक चिसो जस्ता विषय सामान्य जस्तो बनिरहेका छन् । समग्र विश्व प्रकोपमा छ । सगरमाथामा हिउँ द्रुत गतिमा पग्लिँदै छ र हिमाल कालो हुँदै छ । हिमनदीहरू पग्लिँदै छन् र तालहरू सुक्दै छन् ।

कतै धेरै वर्षा भइरहेको छ, कतै आँधीबेहरी आइरहेका छन्, कतै अत्यधिक सुख्खाको अवस्थासमेत बनेको छ । कतिपय नदीहरूमा अस्वाभाविक बाढी आइरहेका छन् त कतिपय साना नदीहरू सुकेका छन्, जसको प्रभाव जमिन मरुभूमीकरण भइरहेको छ । यसरी असन्तुलित भइरहँदा विभिन्न प्राणी जगत्मा उथलपुथल देखिएको छ । कतिपय पशुपक्षी विनासको अवस्थामा पुगेका छन् ।

वैज्ञानिकहरू भन्छन् कि यदि हामी यो प्रकोप टार्न चाहन्छौं भने हामीले १ दशमलव ५ डिग्रीमा तापक्रम वृद्धि रोक्नुपर्छ । र, हामीसँग यो गर्न कति समय छ ? मात्र २ वर्ष ! तथ्यांकले यो पनि देखाएको छ कि यदि मानवले आफ्नो बानी परिवर्तन नगरे र उपभोगको दर घटाउन सकेन भने आगामी २५ वर्षमा तापक्रम २ दशमलव ५ देखि ३ डिग्रीसम्म बढ्न सक्छ ।

१ दशमलव १६ डिग्रीको वृद्धिले निम्त्याएको विनाश हाम्रो सामु छ, २ दशमलव ५ देखि ३ डिग्रीको वृद्धिले के हुन्छ ? हामी कल्पना पनि गर्न सक्दैनौं । समग्रमा, हामी ठूलो विनासको अवस्थातर्फ उन्मुख छौं ।

जलवायु परिवर्तनलाई रोक्न भनी सन् १९९५ यता भएका राजनीतिक सम्झौता, नीति, संवाद अहिलेसम्म सबै व्यर्थ गएका छन् । यदि आउने पुस्तालाई बचाउनु छ भने संयुक्त राष्ट्रसंघको पछिल्लो रिपोर्टअनुसार अब पृथ्वी बचाउन अर्थात् पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्रीमै यथावत् राख्न हामीसँग मात्र २ वर्ष छ । यदि २ वर्षभित्र नियन्त्रण गरिएन भने १ दशमलव ५ डिग्रीमै सीमित गरिएन भने तापक्रम रोक्न सकिने छैन र आउने १० देखि ६० वर्षमा पृथ्वीको छैटौं महाविनास निश्चित छ ।

हालैका प्रतिवेदनहरूले देखाएका छन् कि नियन्त्रणबाहिरको मिथेन उत्सर्जनले आगामी दशकभित्र वैश्विक तापक्रममा १ दशमलव ९ देखि २ दशमलव १ डिग्री सेल्सियसको आपत्कालीन वृद्धि गराउन सक्छ । विश्वव्यापी मिथेन उत्सर्जनको दुई तिहाइ भाग मानव क्रियाकलापहरूबाट उत्पन्न हुन्छ ।

पछिल्ला २ दशकमा मानव निर्मित मिथेन उत्सर्जनमा २० प्रतिशतले वृद्धि भएको छ । ग्लोबल मिथेन बजेट, २०२४ को प्रतिवेदनअनुसार मानव क्रियाकलापहरूले अब विश्वव्यापी मिथेन उत्सर्जनको कम्तीमा दुई तिहाइ हिस्सा ओगटेका छन् । सन् २०२३ मा वायुमण्डलीय मिथेनको सान्द्रता १ हजार ९२३ पार्ट्स प्रतिबिलियनमा पुगेको छ, जुन पूर्वऔद्योगिक समयको तुलनामा २ दशमलव ६ गुणा बढी हो र कम्तीमा ८ लाख वर्षमा सबैभन्दा उच्च स्तर हो ।

मिथेन एक अत्यन्त प्रभावशाली हरितगृह ग्यास हो, जसले वातावरणमा छिटो प्रतिक्रिया जनाउँछ र यसलाई प्रत्यक्ष रूपमा हटाउने कुनै प्रविधि उपलब्ध छैन । मानव निर्मित मिथेन उत्सर्जनका प्रमुख देशहरु चीन (१६ प्रतिशत), भारत (९ प्रतिशत), अमेरिका (७ प्रतिशत), ब्राजिल (६ प्रतिशत) र रुस (५ प्रतिशत) हुन् ।

कृषि, जीवित पशुहरूको पालनपोषण, जीवाश्म इन्धनको प्रयोग र फोहोर व्यवस्थापनले यसको उत्सर्जनमा ठूलो योगदान पुऱ्याउँछन् । आईपीसीसीको प्रतिवेदनले चेतावनी दिएको छ कि यस प्रकारको वृद्धिले शताब्दीको अन्त्यसम्ममा वैश्विक तापक्रम ३ डिग्री सेल्सियसभन्दा बढी बढ्न सक्छ, जसले जलवायु परिवर्तनका गम्भीर प्रभावहरू निम्त्याउन सक्छ र समुद्री सतहको वृद्धि, चरम मौसम घटनाहरूको वृद्धि र जैविक विविधताको ह्रास हुन्छ ।

वर्तमानमा, वायुमण्डलमा कार्बनडाइअक्साइडको सान्द्रता लगभग ४२५ भाग प्रतिमिलियन पुगेको छ, जुन पूर्वऔद्योगिक स्तरभन्दा उल्लेखनीय रूपमा बढी हो । अन्य ग्रिन हाउस ग्यासहरूको प्रभावलाई समेत गणना गर्दा कार्बनडाइअक्साइडको समकक्ष स्तर लगभग ५६० प्रतिमिलियम पुगेको छ, जसले थप तापीय प्रभाव पारिरहेको छ । यसको परिणाम स्वरूप पृथ्वीको औसत तापक्रममा १ दशमलव २ देखि १ दशमलव ३ डिग्री सेल्सियस वृद्धि भइसकेको छ, जसले गम्भीर खालका प्रभावहरू देखाउन थालेको छ ।

अहिले विशेषगरी अन्टार्कटिकामा बरफको ह्रास भइरहेको छ । अन्टार्कटिकाको बरफ तीव्र रूपमा पग्लिरहेको छ, जसले समुद्री सतहको स्तर बढाइरहेको छ । यस्तै, अस्ट्रेलियाको ग्रेट बैरियर रिफमा व्यापक क्षति पुगेको छ, जसले समुद्री पारिस्थितिकीय तन्त्रमा गम्भीर असर पारेको छ ।

'पृथ्वीको फोक्सो' भनेर चिनिने अमेजन वनमा ठूलो क्षति पुगेको छ र यसको विघटन जारी छ । यदि तापक्रम वृद्धि १ दशमलव ४ देखिद १ दशमलव ५ डिग्री सेल्सियससम्म पुग्यो भने थप गम्भीर प्रभावहरू देखिन सक्छन् । समुद्री तापक्रममा वृद्धिले कोरल रिफहरू पूर्ण रूपमा नष्ट हुन सक्छन् ।



ग्लेसियरहरूको आधाभन्दा बढी भाग जोखिममा पर्ने छ, जसले भविष्यमा समुद्री सतहको स्तर बढाउने छ । पर्माफ्रस्टमा रहेको ताजा पानीको विशाल भण्डार तीव्र रूपमा पग्लिरहेको छ, जसले ग्रिन हाउस ग्यासहरूको उत्सर्जन बढाउन सक्छ । समुद्री सतहको स्तरमा धेरै मिटरको वृद्धि हुने सम्भावना छ, जसले तटीय क्षेत्रहरूमा बाढीको स्थिति गम्भीर बनाउने छ । अन्न उत्पादनमा ३-७ प्रतिशत गिरावट आउन सक्छ, जसले खाद्य सुरक्षामा संकट निम्त्याउन सक्छ ।

वैज्ञानिकहरूको अनुमानअनुसार सन् २०२५-२०२९ सम्ममा तापक्रम वृद्धि १ दशमलव ५ डिग्री सेल्सियससम्म पुग्न सक्छ, जसले माथि उल्लेखित प्रभावहरूलाई अझ तीव्र बनाउन सक्छ । जलवायु परिवर्तन मानव लोभ र उपभोगप्रतिको लालसाको परिणाम हो । जबसम्म हाम्रो शिक्षा प्रणाली आत्मज्ञान र जीवनको वास्तविक ज्ञानमा समर्पित हुँदैन, मानव जातिको, हाम्रो प्रजातिको र यो ग्रहको भविष्य सुरक्षित हुन सक्दैन । जलवायु परिवर्तन हाम्रो पृथ्वीमा जनसंख्या र प्रत्येक व्यक्तिको प्रतिव्यक्ति उपभोगको प्रत्यक्ष परिणाम हो । यो जलवायु संकट भनेको हराएको अध्यात्म र धार्मिकतामा आएको पतन हो । त्यसैले यदि पृथ्वीलाई बचाउने हो भने अन्तिम उपाय त्यसको उद्धार आत्मज्ञान र सही दर्शनको पुनरुत्थानमा छ ।

मनुष्यको जब आन्तरिक जलवायु सुधार आत्म.ज्ञान र बोधमार्फत हुन्छ, तब बाहिरको जलवायु संकट स्वाभाविक ठीक हुन्छ । जब मानिसले आफ्नो आन्तरिक अवस्थालाई अवलोकन गर्न थाल्छ, त्यो निर्लिप्तता र त्यागमा पुग्छ, जसले भित्री रोगहरूको कारण बनेका वस्तुहरूप्रति मोह घटाउँछ । आन्तरिक अवलोकन र व्यर्थ उपभोगको त्याग बाहिरी जलवायु सुधारको आधार बन्छ । यी २ सधैं परस्परमा जोडिएका हुन्छन् ।

मानव निर्मित जलवायु परिवर्तनको तुलनामा प्राकृतिक जलवायु परिवर्तन किन कम समस्याजनक छ भन्ने सवाललाई बुझ्न, मुख्य कुरा यसको गतिको विषयलाई बुझ्नुपर्छ । प्राकृतिक जलवायु परिवर्तन धेरै बिस्तारै हुन्छ, जसले वातावरण र कृषि प्रणालीलाई परिवर्तनसँग अनुकूल हुन समय लाग्छ । तर, अहिले देखिएको जलवायु परिवर्तनको गति यति धेरै तेज छ कि जसले मानवीय सभ्यताका लागि गम्भीर चुनौती सिर्जना गरिसकेको छ ।

मानव सभ्यताको विकास पछिल्लो १०-१२ हजार वर्षको स्थिर जलवायुमा भयो, जुन हामीले कृषि आविष्कार गरेर जीवनशैलीलाई सुधार्न उपयोग गऱ्यौं । स्थिर जलवायुले नै मानव प्रगतिलाई सम्भव बनायो । त्यसैले यो स्थिर जलवायुबाट बाहिर निस्किनु खतरनाक छ । अहिलेको जलवायु परिवर्तन मानवको अतिउपभोगको नतिजा हो । त्यसैले यो संकटको प्रमुख कारण मानवीय अज्ञानता र भोगवादी दर्शन नै हो ।

समग्रमा, सुख जीवनको लक्ष्य हो र सुख वस्तुहरूको उपभोगबाट प्राप्त हुन्छ । यही भोगवादी दर्शन नै जलवायु परिवर्तनको मुख्य कारण हो, जसले आज पृथ्वीमा सबै बर्बादी भइरहेको छ । त्यसैले सबै समस्याहरूको मूल कारण मानिसको लोभ र लालच हो, सधैं बाँचिरहने र बाँच्दाबाँच्दै अतिभोग गरिरहने चाहना नै अहिले पृथ्वीको छैटौं महाविनासको कारण बन्दै छ ।

## सामाजिक सञ्जाल



**सेतेमान तामाङ**

प्रायः मानिसहरू सत्य सुन्न, सत्य मार्गमा हिँड्न र सत्य बुझ्न वा बोल्न चाहँदैनन् । सत्यले भ्रम नष्ट गर्दा उनीहरूको रोटी खोस्ने डरमा हुन्छन् । सत्यले भ्रष्ट, षडयन्त्र र मिथ्याको चिरफार गरी नष्ट गरिदिन्छ । सत्य मात्रै त्यस्तो हो, जो कहिल्यै कसैसँग हार्दैन, सधैं जित्न मात्रै हुन्छ ।



**सूर्यराज आचार्य**

रवि लामिछानेका गल्ती/कमजोरी छन् नै । उहाँको मुद्दा र सांसद पदको निलम्बनबारे कानुनविद्हरूबीच विमर्श होला नै तथापि, नागरिकको सामान्य नजरबाट हेर्दा नै उहाँमाथिको मुद्दा तथा निलम्बनमा पूर्वाग्रह र राज्यका संयन्त्रको अवाञ्छित दुरुपयोगको संकेत देखिन्छ । कानुनको शासनका लागि यो राम्रो होइन ।



**डम्मर खतिवडा**

कांग्रेस-एमाले दलीय कर्मचारी ट्रेड युनियन खारेज गर्न सहमत भएका सुनियो । हो, यस्तो काम गर न समर्थनमा ताली बजाऊँला । हामी तम्राविरुद्ध गर्ने कसम खाएर जन्मेका मान्छे हैनौ नि ! समर्थन गर्न योग्य काम आफ्नै विवेक र पहलकदमीले कहिल्यै गर्ने हैन ! यही सवालमा विगत १५ वर्ष कति कराउनपऱ्यो !




**शरदराज पाठक**

एकातिर फरक मत राख्ने आधारभूत शिष्टता र समूह पद्धतिप्रतिको सम्मानको चर्को अभाव, अर्कातिर फरक मतका लागि झन्झन् साँघुरिँदै गएको स्पेस । दलहरूभित्र यसबारे विमर्श गर्ने, समाधान खोज्ने तत्परता र इच्छाशक्तियुक्त व्यक्ति शून्यप्रायः ! परिणामतः लोकतन्त्रमा दलहरू झन्झन् अलोकतान्त्रिक ।

## इतिहासमा आज

२९ डिसेम्बर १७७८ मा बेलायती सेनाले अमेरिकी राज्य जर्जियामा कब्जा गरेको थियो ।



२९ डिसेम्बर १९११ मा सन यातसेनलाई गणतन्त्र चीनका राष्ट्रपति घोषणा गरिएको थियो ।



२९ डिसेम्बर १९७७ मा विश्वकै सबैभन्दा ठूलो ओपन एयर थिएटर 'ड्राइव' बम्बई, हालको मुम्बईमा खुलेको थियो ।



२९ डिसेम्बर २००४ मा सुनामी लहरका कारण इन्डोनेसियामा ६० हजार मानिसको मृत्यु भएको थियो ।



# वर्ग संघर्ष र पक्षधरताको प्रश्न

विचार



● लेखराज रेग्मी

> हामीले संघर्ष गर्दै गर्दा उद्देश्य किटान नगरी अगाडि बढ्नु अर्थहीन हुन्छ । यसले हामीलाई कहीँ पनि पुऱ्याउँदैन । उद्देश्य किटानीबिना हाम्रो लडाइँ हावामा मुक्का चलाउनु जस्तै हुन्छ । हामीले २०६२/०६३ सालको आन्दोलनपछि यस विषयमा मूर्त बहस छलफल या विवेचना गर्न असमर्थता देखाइरहेका छौं भन्नुपर्ने हुन्छ...

मजदुर र किसानलगायत श्रमिक वर्गको हितविरुद्ध खडा हुने सबै विचार, चिन्तन, संस्कार, संस्कृति, सामाजिक राजनीतिक मूल्य, मान्यता तथा त्यसलाई जोगाउन बलियो बनाउन र टिकाइरहने सबै प्रपञ्चहरूसँग श्रमिक वर्गको संघर्ष हुन्छ ।

जसरी आज श्रमिक वर्गका प्रतिनिधिहरू पहिचानको आधारमा संसद् र सरकारमा पुग्न रोकिएको छ, यो एक प्रकारको श्रमिकविरोधी अधिनायकत्व हो । श्रमिक वर्गले यसबाट पार पाउन गरिने संघर्ष वर्ग संघर्षको उच्चतम रूप अर्थात् राजनीतिक संघर्ष हो र यसले यस्तो पक्षधरतालाई परास्त गर्दै अनुकूल व्यवस्था बनाउनुपर्ने हुन्छ ।

यस्तो व्यवस्था स्वाभाविक रूपमा मालिक वर्गको विरोधमा मात्र एक प्रकारको अधिनायकत्व नै हुन्छ । यही २ अधिनायकत्वको टक्करको बीचमा बाँकी जनतालाई आफ्नो पक्षमा पार्न तानातान भइरहन्छ । यही बीचको शक्तिसँग पनि सामाजिक अन्तर्विरोध चलिरहेको हुन्छ र उनीहरू आफ्नो हित र स्वार्थको अनुकूलतामा ढुलमुल गरिरहने हुन्छन् ।

सारमा, मालिक वर्गसँग उनीहरूको मेलमिलापले उनीहरूलाई संरक्षण र साझेदारीको अवसर प्रदान गर्न सक्दैन । यो तथ्यलाई प्रस्ट्याउँदै आफ्नो पक्षमा पार्न उनीहरूका स्वार्थहरूको पनि जगेर्ना गर्नेगरी संघर्षमा साझेदारी कायम गर्नु श्रमिक वर्गहरूका लागि एकदम ध्यान दिनुपर्ने र आफ्नो इमानदारीको पनि व्यवहारमा पुष्टि गर्ने दायित्व हुन्छ ।

यसरी मेलमिलापबाट हल गरिने र गर्न सकिने सबै बेमेललाई हामी मैत्रीपूर्ण अन्तर्विरोध र यसरी पैदा हुने एकतालाई संयुक्त कार्य वा सहकार्य भन्ने गर्छौं ।

नेपाली कम्युनिस्ट आन्दोलनमा हामीले या त बाहिरको सिको गर्दै मनगढन्ते साझेदार वा दुस्मन बनाउँछौं, जसको वास्तविक अस्तित्व ठोस रूपमा भेटाउँदैनौं र अन्योलको सिकार हुन्छौं वा अन्तिम ध्येय उद्देश्यलाई तत्कालको विषय बुझ्छौं र सबैसँग भिड्न थाल्छौं । अर्को भाषामा मैत्रीपूर्ण अन्तर्विरोध र छिनोफानोको लडाइँमा गन्जागोल पैदा गर्छौं ।

यसबाट बच्न आधारभूत शत्रु, आधारभूत मित्र र हुलमुलहरूको सही हिसाब गर्न सक्नुपर्छ । कुन वर्गसँग समन्वय गर्ने र कुनसँग सम्बन्ध नबनाउने भन्ने विषयमा स्पष्ट किटान गर्नुपर्छ ।

यहाँ एउटा गल्ती हुने खतरा हुन्छ, यदि तटस्थ राख्नु र सहकार्य गर्नुको फरक बुझ्न नसकिएको खण्डमा । हाम्रो राजनीतिक आन्दोलनमा यस्ता धेरै उदाहरणहरू छन् तर हामी अहिले चर्चा गर्दै छैनौं । हामीले संघर्ष गर्दै गर्दा उद्देश्य किटान नगरी अगाडि बढ्नु अर्थहीन हुन्छ । यसले हामीलाई कहीँ पनि पुऱ्याउँदैन । उद्देश्य किटानीबिना हाम्रो लडाइँ हावामा मुक्का चलाउनु जस्तै हुन्छ ।

हामीले २०६२/०६३ सालको आन्दोलनपछि यस विषयमा मूर्त बहस छलफल या विवेचना गर्न असमर्थता देखाइरहेका छौं भन्नुपर्ने हुन्छ । नेपाली कम्युनिस्ट आन्दोलनभित्र यस विषयमा स्पष्टता र समान समझदारी आवश्यक छ । यद्यपि, जसरी अहिलेको कम्युनिस्ट आन्दोलन विभाजित छ, यसले वर्गीय असमताको विषयलाई थप गहिरो बनाएको छ ।

सँगै, संघर्षका कार्यक्रम पनि अन्योलपूर्ण बनाएको छ, जसले आगामी दिनमा वर्गीय आन्दोलन गिजोलिने खतरा पनि रहन्छ ।

**(रेग्मी, नेकपा माओवादी केन्द्रका नेता हुन् ।)**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# सांसद लामाको पहलमा भारतमा अलपत्र जुम्लाका १३ जनाको उद्धार

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १३ पुस

राम्रो काम पाउने प्रलोभनमा जुम्लाबाट दार्जलिङका लागि गएका १३ नागरिक अलपत्र परेका छन् । अलपत्र परेको भिडियो अहिले सामाजिक सञ्जालमा सार्वजनिक भएको छ। भिडियो सार्वजनिक भएसँगै नेकपा माओवादी केन्द्र प्रतिनिधि सभा सदस्य सांसद छिरिङ ल्हामु लामा तामाङको पहलतमा उनीहरु नेपाल फर्कदैछन् । उनीहरुलाई नेपाल फर्काउन सांसद लामाले ८० हजार रकम सहयोग गरेकी छन् ।

सांसद लामा तामाङका अनुसार निर्माण व्यवसायीले काम दिने भनेर भारतमा उनीहरुलाई लगिएको थियो ।

ठेकेदार भागेपछि उनीहरु अलपत्र परेका थिए । अलपत्र भएको खबर आएसँगै खानपिन, जुम्लामा रहेको घरसम्म ल्याउन रकमनै पठाइएको सांसद तामाङले बताइन् ।



एक निर्माण व्यवसायीले दार्जलिङ काममा लगाउने भन्दै लगेको र उनीहरुलाई अरुणञ्चल चीनको सीमानामा लगेका थिए । उनीहरुलाई अलपत्र पारेर छोडेपछि उद्दारका लागि अपिल गरिरहेका थिए ।

त्यस्तै स्थानीय रामचन्द्र नेपालीका अनुसार मिचा गाउँका कलिमान सार्की, हरि कामी, दत्त सार्की, रत्न सार्की, रमेश सार्कीसहित जुम्लाका १३ जना नेपालगञ्जबाट एक जना व्यक्तिले काम गर्न भनेर त्यहाँ लगेको र अलपत्र परेको थिए ।

सांसद लामासँग कुरा भएपछि ८० हजार सहयोग भएर नेपाल आउँदै गरेको उनले बताए । उनीहरु आइतबार काँकडभिट्टा आइपुग्ने छन् ।

अलपत्र नागरिकलाई उद्दार गरेको भन्दै स्थानीय र आफन्तले खुशी व्यक्त गरेका छन् ।

उनीहरुले नगद पैसानै दिएर सहयोग गर्ने सांसद लामालाई सामाजिक सञ्जालमार्फत आभार व्यक्त गरेका छन् । सांसद लामाले मध्यरात सम्पर्क गरेर टोलीलाई नेपाल फर्कन व्यवस्था गरेको बताइन् । त्यो टोलीको साथमा जुम्लाकै महेशजंग शाहीले सहजीकरण गरेर जुम्ला फर्काउँदैछन् ।

उनीहरुलाई जुम्लासम्म ल्याउनका लागि सांसद छिरिङ ल्हामु लामा तामाङले ८० हजार, मिचाका सैलेन्द्र केसीले ४५ हजार, कर्साङ ठकुरीले १६ हजार सहयोग गरेका छन् ।

# मण्डिखाटारमा क्लिनिक वानको तेस्रो शाखा

**काठमाडौं/मस-** काठमाडौं मण्डिखटारमा क्लिनिक वानको तेस्रो शाखा विस्तार गरिएको छ । उक्त क्लिनिकको बुढानिलकण्ठ नगरपालिकाका मेयर मिठाराम अधिकारीले औपचारिक रुपमा उद्घाटन गरेका छन् । मेयर अधिकारीले रिबन काटेर क्लिनिक, ल्याबको उद्घाटन गर्दै सोही अवसरमा सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरको समेत शुभारम्भ गरेका थिए ।




उद्घाटन पश्चात बोल्दै मेयर अधिकारीले रोग लाग्नेले मात्र होइन स्वास्थ्यको ख्याल पुऱ्याउन स्वास्थ्य व्यक्तिले पनि शरीरको नियमित चेकजाँच गर्नुपर्नेमा जोड दिए ।

खानपान जीवनशैलीको असन्तुलनले मानिसमा धेरै किसिमका रोग तथा संक्रमण बढ्दै गएकाले स्वास्थ्य सचेतना बढाउनुपर्ने आवश्यकता रहेको उनले बताए ।

क्लिनिक वानका उपनिर्देशक सन्तोष पौडेलले स्वास्थ्य क्षेत्रलाई व्यवसायिक रुपमा भन्दा सेवाको भावले हेरिनुपर्ने बताए । स्वास्थ्य क्षेत्रमा क्रियाशील संघसंस्थाले असन्तुलित प्रतिस्पर्धालाई होइन सहुलियत तथा छिटोछरितो र गुणस्तरीय सेवालाई जोडदिनुपर्ने उनले बताए ।

कार्यक्रममा उपमेयर अनिता लामा, वडा नम्बर ९ की वडाध्यक्ष सुनिता त्रिपाठी लगायतले स्वास्थ्य मानिसको जीवनको महत्वपूर्ण कुरा भएको र स्वस्थ शरीर नभए केही पनि गर्न नसकिने भएकाले यसलाई उच्च प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिएका थिए ।

यसअघि ललितपुरको जावलाखेल र भक्तपुरको ठिमीमा ल्याब तथा स्वास्थ्य सेवा सञ्चालनमा ल्याएको क्लिनिक वानको यो काठमाडौं जिल्लाको पहिलो तथा उपत्यकाको तेस्रो सेवा केन्द्र हो । उद्घाटनको अवसर पारेर शनिबारदेखि नै पाँच दिनसम्म निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । डाक्टर परामर्श,इसिजी, युरिक एसिड, सुगर, कोलस्टोल जाँच निःशुल्क तथा भिडियो एक्सरेमा ५० प्रतिशत, ल्याब टेस्टमा २५ प्रतिशत तथा खोप र औषधिमा ११ प्रतिशत छुट दिइएको छ ।

## प्युठान ऐरावतीमा कांग्रेस सम्मेलन

# पार्टीभित्रको गुट, उपगुट हटाउन आग्रह



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
प्युठान, १३ पुस

नेपाली कांग्रेसको केन्द्रीय रणनीति अनुसार ७५३ वटै स्थानीय तह र सबै वडाहरुमा सय दिने अभियान सञ्चालन गरिरहेको छ । सय दिने अभियानमा पार्टीको आन्तरिक सुदृढीकरणसँग सबै तहमा पार्टीको तर्फबाट निर्वाचित भएका जनप्रतिनिधि र पार्टी समितिबीचको समन्वय समिति समेत निर्माण गरी संगठनलाई चलायमान बनाउने कांग्रेसको मुख्य रणनीति अनुसार कार्यक्रमलाई तीव्रता दिएको नेताहरु बताउँछन् ।

यसैबीच प्यूठानमा पनि सय दिने अभियानलाई तीव्र पारिएको कांग्रेस प्यूठानले जनाएको छ । कतिपय जिल्लाका प्रतिनिधि वडामा खटिएर वडाको अभियानमा लागि परेका छन् भने जिल्ला स्तरको नेतृत्व स्थानीय तह केन्द्रित भएर सम्मेलन गर्दै पार्टी सुदृढीकरणको दौडधुपमा छन् । नेपाली कांग्रेस प्यूठानले सरुमारानी, माण्डवी र ऐरावती गाउँपालिकामा पालिका सम्मेलन सम्पन्न गरिसकेको जिल्ला सभापति बिष्णु कुमार गिरीले मध्यान्हलाई जानकारी दिए ।

शुक्रबार ऐरावती गाउँपालिकामा अभियान सम्पन्न गरिएको हो । अभियान सफल बनाउन केन्द्रीय सदस्य नेपाली कांग्रेसका खेलकुद विभाग प्रमुख उमेशचन्द्र रायमाझी, प्यूठानका वडा, पालिका टोलमा पुगेर संगठन निर्माणमा लागेका छन् । कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्दै रायमाझीले नेपाली कांग्रेस बुथ कमिटीदेखि वडा र पालिका हुँदै क्षेत्र एवम् जिल्ला तहसम्म सबै चलायमान हुन जरुरी रहेको बताए । पार्टीको क्रियाशिल सदस्यता वितरणदेखि पार्टी निकटका भातृ तथा शुभेच्छुक संगठनलाई समेत सक्रिय बनाउन अभियानले सार्थकता पाउने आफूले विश्वास लिएको रायमाझीले बताए ।

उनले भने'कांग्रेसको सिद्धान्त, विचार र आदर्श बुझेर सदस्य बनौं र बनाऔं । कांग्रेसले स्थापना कालदेखि विभिन्न समयमा कठिन परिस्थितिमा देश र देशको स्वाभिमान जोगाउन लडिरहेको छ । तर सरकार कांग्रेसको नीति अनुसार चलेपनि पूर्णकालिन एकल नेतृत्व लिन सकेको छैन । त्यसैले जनताले सास्ती खेपिरहेका छन् ।'

पार्टीको गुटगत र राजनीतिलाई हटाउन विधान संशोधन गर्नुपर्ने उनको तर्क छ । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा.गोबिन्दराज पोखेलले सरकार अस्थिर हुँदै जाने ढल्ने र बनाउने खेलले देशको अर्थतन्त्र कमजोर भएका कारण मुख्य दुई दल कांग्रेस र एमाले मिल्नु परेको बताए ।

उनले भने 'चुवाव धेरै खर्चिलो पनि भयो, सरकार बनाउने र ढाल्ने खेलले अर्थतन्त्र बिग्रँदै गएको छ । तसर्थ संविधान संशोधनका लागि दुईदलबीच संयन्त्र बन्दैछ ।' उनले आगामी निर्वाचन एक्लै लड्ने तयारीमा लाग्न कार्यकर्तालाई आह्वान समेत गरेका थिए ।

ऐरावती सम्मेलन पालिका सभापति अमर रेस्मी मगरको अध्यक्षतामा भएको थियो ।

# 'श्रमिकका समस्या समाधान गर्न सडक र सदन दुवै मोर्चा आवश्यक'

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, १३ पुस

नेकपा (एकीकृत समाजवादी) का महासचिव घनश्यमा भूषालले श्रमिकको समस्या समाधान गर्न सडक र सदन दुवै मोर्चा आवश्यक रहेको बताएका छन् ।

शनिबार राजधानीको संवाद डबलीमा नेपाल सुरक्षा श्रमिक ट्रेड यूनियन(नेष्टु)ले आयोजना गरेको कार्यक्रममा भुषालले वर्तमान ओली सरकार मजदुरको पक्षभन्दा पनि माफिया दलालहरुको पक्षमा रहेकोसमेत आरोप लगाए ।

पूर्वमन्त्रीसमेत रहेका भुषालले संविधानले मजदुरको ट्रेडयुनियन अधिकारसहित सम्पूर्ण सुरक्षाको प्रत्याभूति गरेको भएपनि त्यसको कार्यान्वयन नहुनु दुःखत भएको बताए । नेपाली राजनीतिमा गणतन्त्र पूर्णरुपले कार्यान्वयन नहुँदा हरेक क्षेत्रमा बिचौलियाहरुको हालिमुहाली हुने अवस्था अएको बताउँदै भने,'संविधानको भावना विपरित सरकारले नै माफियाको संरक्षण गर्दा श्रमजीवी वर्ग थप जाँतोमा पिसिएका छन् ।' मजदुरहरुको हकहितको लागि बनेको कानुन विपरित आउटसोर्स प्रक्रियाबाट श्रमिक आपूर्ति गर्ने कार्यको भुषालले खेदपूर्ण रहेको बताउँदै भने,'न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, श्रम कानुनले निर्दिष्ट गरेका सेवा सुविधालाई आउटसोर्सले बञ्चित गर्छ, यस्तो गर्नेलाई कारबाहीको दायरामा ल्याउनुर्पछ ।' भुषालले गणतन्त्र ल्याउन मुख्य भूमिका खेल्ने श्रमिक वर्गमाथि ओली सरकार निर्मम बनेको भन्दै आक्रोस व्यक्त गरे ।

अर्को प्रसंगमा भुषालले एमालेबाट भिम रावललाई निष्कासित गर्ने कार्य केपी ओलीको निरङ्कुशताको पराकाष्टा भएको आरोप लगाए । भूषालले नेता रावललाई आफ्नो पार्टीमा स-सम्मान स्वागत गर्न तयार रहेको पनि बताए ।

सो पार्टीका उपमहासचिव मेटमणी चौधरीले नेपालका मजदुरको अधिकारका लागि आफूहरुले राष्ट्रिय सभा र प्रतिनिधि सभा दुवै सदनबाट सशक्तरुपमा आवाज उठाउने प्रतिबद्धता जाहेर गरे । चौधरीले विद्यमान श्रम ऐनमा भएको व्यवस्था बमोजिम सम्बन्धित निकायमा उजुरी गर्न जाँदासमेत श्रमिकले न्याय नपाउने विषय गम्भीर भएको पनि बताए ।

एकीकृत ट्रेड यूनियन महासंघ नेपालका अध्यक्ष विष्णु लम्सालले मजदुर विरोधी कानुन संशोधन गर्न मजदुरहरुलाई सडक आन्दोलनका लागि तयार रहन अपिल गरे ।

आयोजक नेपाल सुरक्षा श्रमिक ट्रेड यूनियन(नेष्टु)का अध्यक्ष प्रेम बहादुर कार्कीले संविधानको भावना र मर्म विपरित श्रमिकहरुको श्रम शोषण भइरहेको बताए ।


**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure Development**
**Local Infrastructure Development Project Office**
**Butwal**

**Invitation of Bids**

**Date of Publication: 29th December, 2024**

Local Infrastructure Development Project Office, Butwal Rupandehi invites electronic bids only from eligible bidders for the construction of below mentioned works.

| Description of Works | Contract ID | Estimated Amount with VAT and PS (NRs) | Bid Security NRs. | Bid Fee NRs. |
|---|---|---|---|---|
| Upgrading of Kimichaur- Ghodagau- Bhalawang-Madichaur Road, Sunilsmiriti RM-1, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/130 | Single Stage Two Envelope | 1,550,000.00 | 5,000.00 |
| Upgrading of Sulichaur - Gajul- Liwang Road ,Sunilsmiriti RM-3, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/131 | | 780,000.00 | 5,000.00 |
| Upgrading of Salghari - Jelbang Road, Sunchhahari RM-4, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/132 | | 546,000.00 | 5,000.00 |
| Upgrading of Jutungkhola -Mairamare Road ,Lungri RM-3, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/133 | | 546,000.00 | 5,000.00 |
| Upgrading of Sulichaur - Phagam- Dhungsi, Sunchhahari RM-6, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/134 | | 909,000.00 | 5,000.00 |
| Upgrading of Sulichaur - Phagam - Jelbang -Okhareni - Mirul Road, Sunchhahari RM-7, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/135 | | 909,000.00 | 5,000.00 |
| Upgrading of Suli Chaur-Gam Road, Sunchhahari RM, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/136 | | 1,817,000.00 | 5,000.00 |
| Upgrading of Suli Chaur-Tebang-Rajya Pokhari-Lisne-Pyuthan Road, Sunilsmriti RM-7, Rolpa. | Lidpo/Lumbini/NCB/W/R/081_82/137 | | 909,000.00 | 5,000.00 |
| Upgrading Holeri Bijauri Dang Road, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/138 | | 768,000.00 | 5,000.00 |
| Upgrading of Two Roads: 1) Runtabang-Pedikhola-Dharapani-Bamruk-Libang Road, Rolpa, 2) Naubahini RM Office-Siurikote-Tallo Khartach School Road, Pyuthan. | Lidpo/Lumbini/NCB/W/R/081_82/139 | 9,656,710.03 | 214,000.00 | 3,000.00 |
| Upgrading of Risabang Hangbang Kartam Kuwapatal Liban Connecting Road, Rolpa Municipality-09, Rolpa | Lidpo/Lumbini/NCB/W/R/081_82/140 | Single Stage Two Envelope | 546,000.00 | 5,000.00 |

Name of Public Entity: Local Infrastructure Development Project Office(LIDPO)
Bid Validity Period: 90 days after bid opening
Bid Security Validity Period: 30 days beyond the validity period of the bid
Bidders may get further detail information about the bid on PPMO's website www.bolpatra.gov.np/egp or dial at 071-445419.

मध्यान्ह
www.madhyanhadaily.com



# अर्घाखाँची छत्रदेवका स्थानीयलाई निःशुल्क रगत

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १३ पुस

अर्घाखाँचीको छत्रदेव गाउँपालिकाले पालिकाबासी र पालिकामा कार्यरत कर्मचारीको उपचारमा आवश्यक पर्ने रगतमा लाग्ने परीक्षण शुल्क आफैँले तिर्ने भएको छ ।

छत्रदेव गाउपालिका र नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र बुटवलबीच यससम्बन्धी सम्झौता पत्रमा हस्तान्तरण गरिएको हो ।

गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठका अनुसार पालिकाबासीका लागि रेडक्रस सोसाइटीले उपलब्ध गराएको रगतको तोकिएको सेवा शुल्क वापतको रकम नगरपालिकाले रेडक्रस सोसाइटीलाई बैंकमार्फत भुक्तानी गर्नेछ ।

सम्झौतामा सेवा लिने व्यक्तिले स्थायी बसोबास भएको नेपाल सरकारको मतदाता परिचयपत्र, नागरिकता वा नगरपालिका तथा वडा कार्यालयको सिफारिस पेस गर्नुपर्नेछ ।



नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीको हकमा भने कर्मचारी परिचयपत्र वा सिफारिस पेस गर्नुपर्ने, आपत्कालिन अवस्थामा रगत लिनुपर्ने भइ अन्य कागजात पेस गर्न नसकेको अवस्थामा विलका आधारमा सोझै नगरपालिकाबाट भुक्तानी गर्ने व्यवस्था मिलाउने सम्झौता भएको छ ।

करार अवधि सम्झौता भएको मितिले चार वर्षको हुने र प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने, सहमति र सहकार्यको आधारमा करार अवधि थपघट गर्न सक्ने सम्झौतापत्रमा उल्लेख रहेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले जानकारी दिए । यो सम्झौता माघ १ गतेदेखि लागू हुने प्रमुख प्रशासकीय अधिकृत पाण्डेले बताए । सम्झौतापत्रमा गाउँपालिकाको तर्फबाट गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठ, उपाध्यक्ष मनि पन्थी, प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डे र स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपाने, गाउँपालिका प्रवक्ता कमल पौडेल, वडा नम्बर ३ का अध्यक्ष तेजु राम खनाल, रक्तसञ्चार सेवा केन्द्रको तर्फबाट रक्तसञ्चार सेवा केन्द्र रुपन्देहीका संयोजक मित्रलाल न्यौपाने, रक्तसञ्चार सेवा केन्द्र बुटवलका इन्चार्ज राधा ज्ञवाली, रेडक्रस लुम्बिनी प्रदेश सदस्य कैलाश श्रेष्ठ र रेडक्रस अर्घाखाँचीका नवराज रायमाझीले हस्ताक्षर गरेका छन् ।

सम्झौतापछि छत्रदेव गाउँपालिकाभित्रका नागरिक तथा कर्मचारीलाई रुपन्देही जिल्ला भित्रका अस्पतालमा उपचारका क्रममा रगत वा रगतजन्य सामग्री आवश्यक परेमा रक्तसञ्चार सेवा केन्द्रबाट सहज र निःशुल्क रूपमा उपलब्ध भइ उपचारमा सहयोग पुग्ने विश्वास लिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पाण्डे बताए । गाउँपालिकाले स्वास्थ्यकर्मीहरुलाई समेत गाउँमा लगेर जेष्ठ नागरिकहरुको उपचार गर्ने विभिन्न प्रकारका शिविरमार्फत जेष्ठ नागरिकको उपचार गर्ने र अब काठमाडौंमा रहेका अस्पतालमा उपचार गर्दा समेत रक्तसञ्चार केन्द्रसँग समन्वय गरी काम गर्ने तयारी गरिएको गाउँपालिका अध्यक्ष श्रेष्ठले बताए ।

# भोजपुर क्याम्पसमा नयाँ प्रमुख चयन गर्न दौडधुप

**भोजपुर/मस–** भोजपुर बहुमुखी क्याम्पसमा क्याम्पस प्रमुख चयनको प्रक्रिया अहिले तीव्र बनिरहेको छ । त्रिभुवन विश्वविद्यालयको छनोट समितिले यही पुस ७ गते सार्वजनिक गरेको प्रारम्भिक नामावलीअनुसार भोजपुर क्याम्पसका चार उम्मेदवार अन्तिम दौडमा परेका छन् । नयाँ अनुहारका रूपमा खगेन्द्र राई, रिन्जु शेर्पा र उत्तम सिं राई प्रतिस्पर्धामा छन् भने पूर्व क्याम्पस प्रमुख पर्वतकुमार राई पनि पुनः पदमा दाबी गर्दैछन् । तर यतिबेला पुनः क्याम्पस प्रमुखमा पर्वतकुमार राई नै दोहोरिन खोजेपछि भने समस्या उत्पन्न भएको छ । राई नै क्याम्पसमा आए क्याम्पस सञ्चालन हुन नसक्ने भन्दै चिन्ता व्यक्त हुन थालेको हो ।

राई भोजपुर क्याम्पसमा राजनीतिशास्त्रका सह-प्राध्यापक हुन् । उनले २०५५ सालमा शिक्षण सहायकको रूपमा आफ्नो सेवा प्रारम्भ गरेका थिए । २०६४ सालमा उनी क्याम्पस प्रमुख बने । तर, उनको कार्यकाल विवादास्पद घटनाक्रमका कारण आलोचित रह्यो ।




पुस्तकालय भवन निर्माणमा भ्रष्टाचारका कारण पूर्व क्याम्पस प्रमुख राई विवादमा तानिएका हुन् । २०६८ मा पुस्तकालय भवन निर्माणको ठेक्कामा छ लाख ९२ हजार ६ सय २६ रुपैयाँ अनियमितता भएको थियो । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको छानबिन समितिले उनलाई दोषी ठहर गर्दै कारबाही सिफारिस गऱ्यो । अन्ततः उनले उक्त रकम ठेकदार कम्पनीसँग मिलेर तिर्न बाध्य भए । २०६६ मा कर्मचारी नियुक्तिमा पक्षपात भएको आरोपका कारण आन्दोलन चर्कियो । स्थिति यसरी बिग्रियो कि आन्दोलनकारीले उनलाई कार्यालयमै आक्रमण गरे । भ्रष्टाचारको आरोपपछि उनी विराटनगर क्याम्पसमा सरुवा भए । तर ६ वर्षपछि फेरि भोजपुर क्याम्पस फर्कने प्रयास सुरु गरे ।

भोजपुर क्याम्पसमा फर्किएपछि राईका गतिविधिहरू पुनः विवादमा परे । उनले विभिन्न संगठनलाई उचाल्ने, अनियमितता आरोप लगाउने र क्याम्पसमा अनुशासनहीनता फैलाउने काम गरेको आरोप लाग्यो । त्रिभुवन विश्वविद्यालयले योग्यता र क्षमताका आधारमा नियुक्ति गर्ने ‘मेरीट्रोक्रेसी’ प्रणालीको अभ्यास थालेको छ । यो सकारात्मक कदम भएपनि व्यक्तिको नैतिक छविलाई पनि मुल्यांकन गर्नुपर्ने स्वतन्त्र विद्यार्थी युनियन भोजपुरका सभापति निशान राईको भनाइ छ ।

सामाजिक सञ्चालमार्फत राईले भष्टाचार र व्यभिचार युक्त मान्छे भन्दा सदाचार र स्वच्छ छवि भएको क्याम्पस प्रमुख विद्यार्थीले चाहेको धारणा व्यक्त गरेका छन् ।

# बराहक्षेत्र मन्दिर परिसरमा बाढीको जोखिम



**सुनसरी/मस–** सुनसरी बराहक्षेत्र नगरपालिका-१ स्थित रहेको प्रसिद्ध धार्मिकस्थल बराहक्षेत्र मन्दिर परिसर र बस्ती बाढीको उच्च जोखिममा परेको छ । हिन्दू धर्मशास्त्र र किरात मुन्दुमले समेत मानव सभ्यताको सुरुवात भएको आदिम तीर्थस्थलका रूपमा रहेको सप्तकोशी नदी किनार स्थित बराहक्षेत्र मन्दिर बाढीको उच्च जोखिममा परेको भन्दै स्थानीय चिन्तित बनेका हुन् ।

गत असोजमा आएको बाढीले जिल्लाको प्रसिद्ध धार्मिकस्थल बराहक्षेत्र मन्दिर परिसर र आसपासका बस्ती उच्च जोखिममा परेको भन्दै स्थानीय रविनकुमार श्रेष्ठले चिन्ता व्यक्त गरे । उनले भने,‘ आउँदो बर्खामा मन्दिर र वरपरका बस्ती रहने हो कि नरहने हो थाहा छैन ।’

गत असोजमा आएको बाढीले मन्दिर परिसरका बराह श्राद्धस्थल, शनि मन्दिर, गणेश मन्दिर, अमरनाथ मन्दिर, साकेला पार्कलगायत शौचालयमा क्षति पुऱ्याएको बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीले जानकारी दिए ।

‘क्षति पुगेका केही शौचालय र मन्दिरलाई मर्मतसम्भार गरिए पनि दिगो तटबन्ध हुन नसक्दा बस्ती उच्च जोखिममा छ । धार्मिक तीर्थाटनलाई अभिवृद्धि गर्न बलियो तटबन्ध निर्माण गरेर धार्मिक पर्यटनसँग जोड्नेमा स्थानीय सरकारले पहल गरिरहेको छ’, उनले भने ।

बाढी आएर कटान गरेकाले बराहक्षेत्र मन्दिर परिसरका ५५ भन्दा बढी परिवार उच्च जोखिममा परेका नगरप्रमुख कार्कीले जानकारी दिए । कोशीमा आउने पानीको बहावले भेट्ने ठाउँ बढी भएकाले कम बजेटले तटबन्ध लगाउन नसकिने भन्दै उनले प्रदेश र संघीय सरकारसँग सहयोगका लागि अनुरोध गरिएको बताए ।

तीन पुस्तादेखि बसोबास गर्दै आइएको बराहक्षेत्र मन्दिर परिसरको बस्ती स्थानान्तरण गरी विकास गर्ने विषयमा सरोकार भएका निकायले ध्यान दिनुपर्ने आवश्यकता रहेको बराहक्षेत्र खानेपानी उपभोक्ता समितिका अध्यक्षकुमार श्रेष्ठले बताए । उनले भने, “अहिले विकास भन्दा पनि कसरी संरक्षण गर्ने भन्ने महत्त्वपूर्ण विषय हो । सबै राजनीतिक दल, स्थानीय प्रतिनिधि, सरोकार भएका निकायले सहकार्य र समन्वय गरी यो पुण्यभूमिबचाउनतिर लाग्नुपर्छ ।”

नदी किनारमा रहेको मन्दिर परिसरमा चेकड्याम (तटबन्ध) निर्माण गरी सुरक्षा गर्न मन्दिर गुठी व्यवस्थापन समितिले रु छ लाख खर्च गरेर गुरुयोजना बनाएको छ । गुरूयोजनामा तटबन्ध निर्माणदेखि पार्क, गौशाला र स्नान घाटलगायत योजना समावेश गरिएको समितिका अध्यक्ष भक्तबहादुर श्रेष्ठले जानकारी दिए ।


## साउदीमा रोजगार

कम्पनी: Narges Abdullah Habib Al Hassan Blacksmith and Aluminum Workshop  शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०९/१२  चलानी नं.: ६०२३०३६७  L.T. No.: 316020

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Workshop | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुस २१ गते (5 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५४५/०६१/०६२
FAMOUS HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal (in front of Hope Hospital)
Phone No:4116659,4116660. Mobile No: 9801307500
Email: info@famoushr.com.np, famoushr545@gmail.com. Web:www.famoushr.com.np

## यूएईमा रोजगार

कम्पनी: DANEM ENERGY OIL & GAS FZCO  शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०९/१२  चलानी नं.: ६०२३०३९१  LT. No.:316098

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | 48 | 0 | स. काममा दक्ष | 1000 | ३७,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ पुस २२ गते (6 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा २०८१ पुस २३ गते (7 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २४ गते (8 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३९६/०६०/०६१
सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान–३२, फोन : ०१-४५१७५३०, ०१-४५४०१४६, ०१-४५१८५३२
E-mail: sagunoverseas@gmail.com |sagunkathmandu@gmail.com
Phone No : 9851113226

# फतुवा विजयपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### लक्ष्मीनिया (दो). रौतहट
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/१४**

यस कार्यालयद्वारा तपशिलका कार्यका लागि मिति २०८१/०८/२० **E-Bid** मार्फत प्राप्त भएका सम्पूर्ण बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको तपसिलको कार्यको बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागि छनोट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कार्यको नाम | न्युनतम मूल्यांकित बोलपत्र दाताको नाम | कबोल रकम रु. (मु.अ.कर समेत) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | FBMun/SQ/Goods/01/081/82 | Procurement and Supply Of Medicine items For Health Care at Fatuwa Bijaypur Munivipality (Do., Rautahat | Bijay Medicine Suppliers Gaur-5, Rautahat | 2136298.90 | |
| 2 | FBMun/SQ/Goods/02/081/82 | Procurement and Supply Of Sanitary Pads 8 pcs, 280mm including Minimum ( 240+20mm Length and 60 to 75 mm Width, Thickness 15mm±2mm 280MM | Bijay Medicine Suppliers Gaur-5, Rautahat | 921699.76 | |

कार्यालय प्रमुख

# पर्वत समाज कतारको अध्यक्षमा सन्तोष क्षेत्री



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १३ पुस

सातौं अधिवेशनको खुला सत्र सकिएको एक हप्तापछि पर्वत समाज कतारको बन्द सत्र सकिएको छ । अध्यक्ष पदका आकांक्षी आनन्द जिसीसहितको एक समूहले निर्वाचन प्रक्रियाप्रति असहमति जनाउँदै उनीसहितले विभिन्न १७ पदमा दर्ता गरेको उम्मेदवारीहरु फिर्ता लिएसँगै अर्का आकांक्षी सन्तोष क्षेत्री अध्यक्ष पदमा चयन भएका हुन् ।

क्षेत्रीको नेतृत्वमा निर्वाचित कार्यसमितिको उपाध्यक्षद्वय टीका राम भुसाल र भीम कान्त पौडेल, सचिव सेवक घताने, कोषाध्यक्ष महेन्द्रकुमार चालिसे रहेका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा सागर विश्वकर्मा, सुमन थापा, नरबहादुर विश्वकर्मा (कुमार), प्रकाश परियार र चिरञ्जीवी पौडेल रहेका छन् । नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक छविलाल भट्टराईले पद तथा गोपिनीयताको शपथ ग्रहण गराएका थिए ।

अधिवेशनको खुला सत्र २० डिसेम्बरमा समाजका अध्यक्ष रघुनाथ शर्माको अध्यक्षता तथा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथि भट्टले कतारको नीति नियमलाई मनन गर्न आग्रह गर्दै सांस्कृतिक कार्यक्रम गर्दा कतार सरकारबाट अनुमति लिन आग्रह गरे ।

भट्टले कतारमा श्रमिकले पासपोर्टको फाराम भर्न नसकिरहेको प्रति लक्षित गर्दै फरक फरक ४ जना परराष्ट्रमन्त्रीसमक्ष श्रमिक र स्लटका समस्या राख्दा पनि सुनुवाइ नभएको बताउँदै जसले चर्का भाषण गरे पनि समस्या यथावतै रहेको बताए । उनले अहिले कतारमा नयाँ राजदूत आएको बताउँदै राजदूतले चाहँदैमा पनि स्लटको समस्या समाधान हुन नसकेको उदाहरण समाजमा प्रष्ट रहेको बताए । उनले राजदूतसँग कतारका संघसंस्था प्रमुखहरूसहितले आउँदो शुक्रबार परिचयात्मक अन्तरक्रिया कार्यक्रम गर्ने तयारी गरिरहेको जानकारी दिए ।

नृत्यांगना रेजिना गुरुङ, म्याग्देली मौलिक थाली नृत्यांगना यमुना पटेल, गायिका रेश्मी सेन्चुरी, जुनु प्रसाईंलगायतका कलाकारले आफ्ना सांगीतिक प्रस्तुति दिएका थिए । कार्यक्रममा स्वास्थ्य जीवनका लागि रामजी खत्रीले स्व-जागरण ध्यानको अभ्यास गराएका थिए । अधिवेशनमार्फत समाजका विभिन्न गतिविधिमा सहयोग गर्ने संघसंस्था, पत्रकार, कलाकारसहित संस्थापक कार्यसमिति, निवर्तमान कार्यसमितिका पदाधिकारीहरूसहित विभिन्न व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । अधिवेशनमा कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो । थुप्रै वक्ताहरूले कार्यक्रममा शुभकामना मन्तव्य राख्दै समाजका गतिविधिको प्रशंसा गरेका थिए ।

सनैयास्थित फूलबारी रेस्टुरेन्टको सभा हलमा सम्पन्न अधिवेशन पञ्चेबाजासहित समुद्घाटन गरिएको थियो । समाजका वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रमका संयोजक आनन्द जिसीले स्वागत मन्तव्य राखेको कार्यक्रममा अञ्जली परियारले स्वागत नृत्य पेस गरेकी थिइन् । समाजका सचिव भरत मल्लले कार्यकाल अवधिको प्रतिवेदन पेससहित कार्यक्रमको सहजीकरण गरेका थिए भने कोषाध्यक्ष सुवास जिसीले करिब ६० हजार कतारी रियाल कारोबार गरेको आर्थिक प्रतिवेदन पेस गरेका थिए ।

# नवौं देवदह महोत्सव हुँदै



**देवदह/मस**–नवौं राष्ट्रिय देवदह औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सव २०८१ को ब्यानर सार्वजनिक गरिएको छ । आयोजक संस्था देवदह व्यापार संघका अध्यक्ष एवम् महोत्सव मुल समारोह समितिका संयोजक कोषबहादुर गुरुङले देवदहको खैरेनीबजारमा उक्त ब्यानर सार्वजनिक गरेका हुन् ।

ब्यानर सार्वजनिक गर्दै गुरुङले महोत्सवलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सम्पूर्ण उपसमितिहरुलाई निर्देशन दिए । ‘महोत्सव देवदहको गौरव हो, यसको गरिमामा आँच नआउने गरी सबैले काम गरौं,’ उनले भने, ‘सबैले अपनत्व ग्रहण गरेमा मेला सफल हुन्छ ।’

यसैगरी शनिबार नै महोत्सवको तयारीबारे संस्थाको सभाहल पानवरीमा मुल समारोह समितिको बैठक सम्पन्न भएको छ । बैठकले महोत्सवका हरेक क्रियाकलापलाई तीव्रताका साथ अघि बढाउने निर्णय गरेको सचिवालय संयोजक हरिलाल भण्डारीले जानकारी दिए ।

‘औद्योगिक व्यापार विविधिकरण, पर्यटन प्रवर्द्धन एवम् व्यावसायिक कृषि नै समृद्ध राष्ट्रको आधार’, ‘स्वरोजगार आत्मनिर्भरता हाम्रो आधार, शहरदेखि गाउँसम्म व्यापार विस्तार’ भन्ने मुल नारासहित आगामी माघ १० देखि २२ गतेसम्म देवदह मण्डप घोडाहामा महोत्सव सञ्चालन हुँदैछ ।

महोत्सवका लागि यसअघि मूल आयोजकसहित अन्य ३१ वटा उप-समिति गठन भएर तीव्रताका साथ काम भइहेको मुल आयोजक समितिका अध्यक्ष कोषबहादुर गुरुङले जानकारी दिए । करिब १० करोड रुपैयाँ बराबरको कारोवार र १ करोड खर्च अनुमान गरिएको महोत्सवमा ६ लाख बढी दर्शकले अवलोकन गर्ने लक्ष्य राखिएको अध्यक्ष गुरुङले बताए ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
प्रधान कार्यालय : लाजिम्पाट, काठमाण्डौं
फोन नं. : ०१-४५४५४२४/२५/२६/२७/२८/३०, वेभसाइट : www.garimabank.com.np

## कर्जा नियमित वा चुक्ता/भुक्तान गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८१/०९/१४**

यस विकास बैंकबाट विभिन्न कर्जा शीर्षक अर्न्तगत कर्जा लिई कारोबार गर्दै आउनु भएका तपसिल बमोजिमका ऋणी/ऋणीहरुले लिएको कर्जाको तिर्न बुझाउनु पर्ने साँवा, व्याज हर्जाना तथा अन्य दै–दस्तुर समेतको रकम बारम्बार लिखित तथा मौखिक तरताकेता गर्दा समेत तिर्न बेवास्ता गरी बुझाउन बाँकी राखेकोले यस विकास बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देज उल्लङ्घन भएको हुँदा कर्जा नियमित तथा चुक्ता/भुक्तानी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र तिर्न बुझाउनु पर्ने बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जना सहित अन्य दै–दस्तुर रकम बुझाई कर्जा नियमित वा चुक्ता/भुक्तानी गर्नु होला । उक्त अवधि भित्र कर्जा नियमित वा चुक्ता/भुक्तानी नगरेमा यस विकास बैंकलाई कर्जा सूरक्षण बापत लेखिदिएको चल-अचल सम्पत्ति “बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३” र प्रचलित ऐन कानून एवम् यस विकास बैंकको नियमानुसार कानूनी प्रक्रिया अगाडि बढाई धितो सूरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरी विकास बैंकको लेना रकम असुल उपर गरिने र सोबाट नपुग भएमा कानून बमोजिम लेखाई दिएको जायजेथा र अन्य घर-घराना समेतबाट बाँकी लेना रकम असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **ऋणीको नामः भोजेन्द्र गुरुङ**<br>बावुको नामः गम वहादुर गुरुङ<br>बाजेको नामः कृष्ण वहादुर गुरुङ<br>स्थायी ठेगानाः वानेथोक दे गा.वि.स.-१, स्याङ्जा<br>हालको ठेगानाः वालिङ्ग न.पा.-१, स्याङ्जा<br>ना.प्र.नं.: ४२१०३८/९१५७७<br>जारी मितिः२०६४/०७/२२<br>जारी जिल्लाः स्याङ्जा<br>**कर्जा शीर्षकः गरिमा प्रोफेसनल कर्जा**<br>**शाखा कार्यालयः वालिङ्ग, स्याङ्जा** | **क) नाम, थरः ज्ञानु माया गुरुङ**<br>पतिको नामः भोजेन्द्र गुरुङ<br>ससुराको नामः गम वहादुर गुरुङ<br>स्थायी ठेगानाः भीरकोट न.पा.-३, स्याङ्जा<br>हालको ठेगानाः वालिङ्ग न.पा.-१, स्याङ्जा<br>ना.प्र.नं.: ४२२०३९-२१६<br>जारी मितिः २०६९/०७/२७<br>जारी जिल्लाः स्याङ्जा | **ख) नाम, थरः चित्र वहादुर गुरुङ्ग**<br>बावुको नामः कुल वहादुर गुरुङ्ग<br>बाजेको नामः गन्ज सिं गुरुङ्ग<br>स्थायी ठेगानाः मनकामना गा.वि.स.-५, स्याङ्जा<br>हालको ठेगानाः वालिङ्ग न.पा.-१, स्याङ्जा<br>ना.प्र.नं.: २४१०८<br>जारी मितिः २०६३/०४/०२<br>जारी जिल्लाः स्याङ्जा |

| २. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणी फर्मको नामः भगवती कुखुरा फार्म**<br>फर्मको ठेगानाः चापाकोट न.पा.-४, कि.न. ८३८ स्याङ्जा<br>फर्म दर्ता नं.: ६०/०७४/०७५<br>फर्म दर्ता मितिः २०७४/१०/०२<br>फर्मको पान नं. ६०५२६५८४८<br>फर्म दर्ता निकायः प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशानालय, घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, स्याङ्जा<br>**प्रोप्राईटरः शालिक राम गिरी**<br>**कर्जा शीर्षकः कृषि आवधिक कर्जा**<br>**शाखा कार्यालयः वालिङ, स्याङ्जा** | **क) नाम, थरः शालिक राम गिरी**<br>बावुको नामः उमा गिरी<br>बाजेको नामः टोपु<br>स्थायी ठेगानाः मल्याङकोट-१, स्याङ्जा<br>हालको ठेगानाः चापाकोट न.पा.-४, स्याङ्जा<br>ना.प्र.नं.: ३४०१४<br>जारी मितिः २०५३/०५/०७, जारी जिल्लाः स्याङ्जा<br>**ख) नाम, थरः भगवती गिरी**<br>पतिको नामः शालिक राम गिरी<br>ससुराको नामः उमा गिरी<br>स्थायी ठेगानाः मल्याङकोट-१, स्याङ्जा<br>हालको ठेगानाः चापाकोट न.पा.-४, स्याङ्जा<br>ना.प्र.नं.: ४२३०१३/१७३<br>जारी मितिः २०६३/१०/०७, जारी जिल्लाः स्याङ्जा |

| ३. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **ऋणीको नाम : लुम्बनी कृषि माछा तथा कुखुरा फर्म**<br>फर्मको ठेगाना : वाणगंगा न.पा.- ०४, कपिलवस्तु<br>फर्म दर्ता नं. : ११५६३/०७७<br>फर्म दर्ता मिति : २०७७/०७/२४<br>फर्मको पान नं. : १२१०३३३६७<br>फर्म दर्ता निकाय : प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय तौलिहवा, कपिलवस्तु<br>**प्रोप्राईटर : दुर्गा बहादुर शाही**<br>**कर्जा शिर्षक : कृषि अधिविकर्ष कर्जा, कृषि आवधिक कर्जा र पुनसंरचना कर्जा**<br>**शाखा कार्यालय : जितपुर, कपिलवस्तु** | **क) नाम, थर : दुर्गा बहादुर शाही**<br>बावुको नाम : भीम राज शाही<br>बाजेको नाम : रामदल शाही<br>स्थायी ठेगाना : होश्राङदी गा.वि.स. - ५, पर्वत<br>हालको ठेगाना : वाणगंगा न.पा. - ४, कपिलवस्तु<br>ना.प्र.नं. : ३०९८<br>जारी मिति : २०५०/०९/०४<br>जारी जिल्ला : पर्वत<br>**ख) नाम, थर : कोपीला शाही**<br>पतिको नाम : दुर्गा वहादुर शाही<br>ससुराको नाम : भीम राज शाही<br>स्थायी ठेगाना : होश्राङदी गा.वि.स. - ९, पर्वत<br>हालको ठेगाना : वाणगंगा न.पा. - ४, कपिलवस्तु<br>ना.प्र.नं. : ४४४१५<br>जारी मिति : २०६१/०२/१०<br>जारी जिल्ला : पर्वत | **ग) नाम, थर : दिपेन्द्र नेउपाने**<br>बावुको नाम : राम शर्मा नेउपाने<br>बाजेको नाम : मेघनाथ नेउपाने<br>स्थायी ठेगाना : गजेहडा गा.वि.स. - १, कपिलवस्तु<br>हालको ठेगाना : वाणगंगा न.पा. - ४, कपिलवस्तु<br>ना.प्र.नं. : ४६४०६<br>जारी मिति : २०६०/०३/१५<br>जारी जिल्ला : कपिलवस्तु<br>**घ) नाम, थर : पुरन चन्द्र मल्ल**<br>बावुको नाम : श्याम बहादुर मल्ल<br>बाजेको नाम : लाल बहादुर मल्ल<br>स्थायी ठेगाना : भोर्ले गा.वि.स. - ९, पर्वत<br>हालको ठेगाना : पैयुँ गा.पा. - ७, पर्वत<br>ना.प्र.नं. : ५१२<br>जारी मिति : २०४६/०८/०८<br>जारी जिल्ला : पर्वत |
| **नोट :** लुम्बनी कृषी माछा तथा कुखुरा फर्मको **कृषि आवधिक कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु र दुर्गा बहादुर शाही, कोपिला शाही र दिपेन्द्र नेउपाने रहेको र लुम्बनी कृषी माछा तथा कुखुरा फर्मको **कृषि अधिविकर्ष कर्जा र पुनसंरचनामा** व्यक्तिगत धन जमानीकर्ताहरु दुर्गा बहादुर शाही, कोपिला शाही र पुरन चन्द्र मल्ल रहेको । | | |

| ४. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नाम : रुपलाल राई**<br>बावुको नाम : शहरमान राई<br>बाजेको नाम : दिल वहादुर राई<br>स्थायी ठेगाना : खोकु गा.वि.स.-२, धनकुटा<br>हालको ठेगाना : सुन्दरहरैचा न.पा.-३, मोरङ<br>ना.प्र.नं. : ३८/९६४<br>जारी मिति : २०५८/०३/१४, जारी जिल्ला : धनकुटा<br>**कर्जा शीर्षक : आवास कर्जा**<br>**शाखा कार्यालय : ईटहरी, सुनसरी** | **क) नाम, थर : निकी राई**<br>पतिको नाम : रुपलाल राई<br>ससुराको नाम : शहरमान राई<br>स्थायी ठेगाना : सुन्दरपुर गा.वि.स.-२, मोरङ<br>हालको ठेगाना : सुन्दरहरैचा न.पा.-३, मोरङ<br>ना.प्र.नं.: ३०६०/१४५<br>जारी मिति : २०६३/१२/१३<br>जारी जिल्ला : मोरङ |

| ५. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **ऋणीको नाम : चिन प्रसाद चौधरी**<br>बावुको नाम : हरि प्रसाद चौधरी<br>बाजेको नाम : ठगई थारु<br>स्थायी ठेगाना : सुस्ता गा.पा.- १, नवलपरासी<br>हालको ठेगाना : बर्दघाट न.पा.- १, नवलपरासी<br>ना.प्र.नं. : ५७००५<br>जारी मिति : २०५७/०९/१८<br>जारी जिल्ला : नवलपरासी<br>**कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालय : बर्दघाट, नवलपरासी** | **क) नाम, थर : शुशिला कुमारी चौधरी**<br>पतिको नाम : चिन प्रसाद चौधरी<br>ससुराको नाम : हरि प्रसाद चौधरी<br>स्थायी ठेगाना : रुपौलिया गा.वि.स.- ४, नवलपरासी<br>हालको ठेगाना : सुस्ता गा.पा.- १, नवलपरासी<br>ना.प्र.नं. : ३६१०४८/६७०<br>जारी मिति : २०६७/०२/३०<br>जारी जिल्ला : नवलपरासी | **ख) नाम, थर : हरी प्रसाद थारु**<br>बावुको नाम : ठगई थारु<br>बाजेको नाम : साधु<br>स्थायी ठेगाना : जमुनिया गा.वि.स.- ७, नवलपरासी<br>हालको ठेगाना : सुस्ता गा.पा.- १, नवलपरासी<br>ना.प्र.नं. : १७६७९<br>जारी मिति : २०३५/१०/२६<br>जारी जिल्ला : नवलपरासी |

| ६. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : महिमा फिड्स सप्लायर्स**<br>फर्मको ठेगाना : बुढीगंगा गा.पा. - १, मोरङ<br>फर्म दर्ता नं. : ३६६५८/०७८/७९, स्थानीय व्यापार<br>फर्म दर्ता मिति : २०७८/०८/१४<br>फर्मको पान नं. : ६१७२८२८०२<br>फर्म दर्ता निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग , वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर<br>**प्रोप्राईटर : मनोज ओभा**<br>**कर्जा शीर्षक : साना तथा मभौला आवधिक कर्जा**<br>**शाखा कार्यालय : टंकीसिनुवारी, मोरङ** | **क) नाम, थर : मनोज ओभा**<br>बावुको नाम : खेमराज ओभा<br>बाजेको नाम : चन्द्र प्रसाद ओभा<br>स्थायी ठेगाना : मृगौलिया गा.वि.स.- ३, मोरङ्ग<br>हालको ठेगाना : बुढीगंगा गा.पा. - १, मोरङ्ग<br>ना.प्र.नं. : ०५३०४६/२५१<br>जारी मिति : २०६३/११/०६, जारी जिल्ला : मोरङ्ग<br>**ख) नाम, थर : हिरा पराजुली**<br>पतिको नाम : मनोज ओभा<br>ससुराको नाम : खेमराज ओभा<br>स्थायी ठेगाना : डंग्राहा गा.वि.स.- ७, मोरङ्ग<br>हालको ठेगाना : बुढीगंगा गा.पा. - १, मोरङ्ग<br>ना.प्र.नं. : ०५३०२१/१५१<br>जारी मिति : २०६३/१२/११, जारी जिल्ला : मोरङ्ग |

| ७. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नाम : हुतबहादुर रेग्मी**<br>बावुको नाम : कुलबहादुर रेग्मी<br>बाजेको नाम : ईन्द्र बहादुर रेग्मी<br>स्थायी ठेगाना : जीवनपुर गा.वि.स.-९, धादिङ्ग<br>हालको ठेगाना : नागार्जुन न.पा.- ४, काठमाण्डौ<br>ना.प्र.नं. : २६८१९२-<br>जारी मिति : २०५२/०१/१७, जारी जिल्ला : धादिङ्ग<br>**कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा/हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाण्डौ** | **क) नाम, थर : धनमायाँ रेग्मी**<br>पतिको नाम : हुतबहादुर रेग्मी<br>ससुराको नाम : कुलबहादुर रेग्मी<br>स्थायी ठेगाना : जीवनपुर गा.वि.स.-९, धादिङ्ग<br>हालको ठेगाना : नागार्जुन न.पा.- ४, काठमाण्डौ<br>ना.प्र.नं. : २६१/५३०४६<br>जारी मिति : २०६८/११/०५<br>जारी जिल्ला : धादिङ्ग |

| ८. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : पवित्रा कसमेटिक स्टोर**<br>फर्मको ठेगाना : उर्लावारी न.पा. -८, मोरङ<br>फर्म दर्ता नं.: १८<br>फर्म दर्ता मिति : २०७५/१०/२३<br>फर्मको पान नं.: ६०९२००९३७<br>फर्म दर्ता निकाय : उर्लावारी नगरपालिका ८ नं. वडा कार्यालय<br>**प्रोप्राईटर : पवित्रा पंधाक लिम्बु**<br>**कर्जा शीर्षक : महिला उद्यमशिल कर्जा**<br>**शाखा कार्यालय : दमक, झापा**<br>**व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>**क) नाम, थर : पवित्रा पंधाक लिम्बु**<br>बावुको नाम : विर ब. पंधाक लिम्बु<br>बाजेको नाम : दल बहादुर पंधाक लिम्बु<br>स्थायी ठेगाना : राजघाट गा.वि.स.- ८, मोरंग<br>हालको ठेगाना : उर्लावारी न.पा. -८, मोरंग<br>ना.प्र.नं. : १८९५/३१२५<br>जारी मिति : २०५१/१२/०१, जारी जिल्ला : मोरंग | **ख) नाम, थर : कौशिल्ला लिम्बु**<br>बावुको नाम : विर वहादुर पंधाक लिम्बु<br>बाजेको नाम : दल बहादुर पंधाक लिम्बु<br>स्थायी ठेगाना : राजघाट गा.वि.स.- ८, मोरंग<br>हालको ठेगाना : उर्लावारी न.पा. -८, मोरंग<br>ना.प्र.नं. : ७४८<br>जारी मिति : २०४३/११/०३<br>जारी जिल्ला : मोरंग<br>**ग) नाम, थर : शेर ब. पंधाक लीम्बु**<br>बावुको नाम : वीर ब. पंधाक लीम्बु<br>बाजेको नाम : दल बहादुर पंधाक लिम्बु<br>स्थायी ठेगाना : राजघाट गा.वि.स.- ८, मोरंग<br>हालको ठेगाना : उर्लावारी न.पा. -८, मोरंग<br>ना.प्र.नं. : ११३४९/१२००<br>जारी मिति : २०४६/०३/१६<br>जारी जिल्ला : मोरंग |

| ९. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणीको नामः खेल कुमार श्रेष्ठ**<br>बावुको नामः धन वहादुर श्रेष्ठ<br>बाजेको नामः भैल बहादुर श्रेष्ठ<br>स्थायी ठेगानाः नेत्रकाली गा.वि.स.-६, सिन्धुली<br>हालको ठेगानाः सुनकोसी गा.पा.-१, सिन्धुली<br>ना.प्र.नं.: २०६७४/२४३२५<br>जारी मितिः २०५९/०२/२४, जारी जिल्लाः सिन्धुली<br>**कर्जा शीर्षकः आवास कर्जा**<br>**शाखा कार्यालयः सूर्यविनायक, भक्तपुर** | **क) नाम थरः गायत्री श्रेष्ठ**<br>पतिको नामः खेल कुमार श्रेष्ठ<br>ससुराको नामः धन वहादुर श्रेष्ठ<br>स्थायी ठेगानाः पोखरी नारायणस्थान गा.वि.स.-५, काभ्रेपलाञ्चोक<br>हालको ठेगानाः धुलिखेल न.पा.-५, काभ्रेपलाञ्चोक<br>ना.प्र.नं.: ३०१२६०४७<br>जारी मितिः २०६०/१२/०५<br>जारी जिल्लाः काभ्रेपलाञ्चोक |

| १०. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **ऋणीको नाम : संजय कुमार साह**<br>बावुको नाम : कृष्ण देव साह<br>बाजेको नाम : प्रकास साह कानु<br>स्थायी ठेगाना : बरहथवा न.पा.-९, सर्लाही<br>हालको ठेगाना : बरहथवा न.पा.-९, सर्लाही<br>ना.प्र.नं.: १९-०२-७०-०२३०४<br>जारी मिति : २०७०/११/२१<br>जारी जिल्ला : सर्लाही<br>**कर्जा शीर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा/व्यक्तिगत लघुउद्यम कर्जा**<br>**शाखा कार्यालय : बरहथवा, सर्लाही**<br>**नोटः** संजय कुमार साहको **व्यक्तिगत अधिविकर्ष कर्जामा** व्यक्तिगत धन जमानीकर्ता हिरोवन कुमारी साह रहेको र **व्यक्तिगत लघुउद्यम कर्जामा** हिरोवन कुमारी साह र कामेश्वर झा रहेको । | **क) नाम, थर : हिरोवन कुमारी साह**<br>पतिको नाम : संजय कुमार साह<br>ससुराको नाम : कृष्ण देव साह<br>स्थायी ठेगाना : मुर्तिया गा.वि.स.-३, सर्लाही<br>हालको ठेगाना : बरहथवा न.पा.-९, सर्लाही<br>ना.प्र.नं.: १९३०८१/१११३<br>जारी मिति : २०६३/११/१४, जारी जिल्लाः सर्लाही<br>**ख) नाम, थर : कामेश्वर झा**<br>बावुको नाम : श्यामशंकर झा वाहुन<br>बाजेको नाम : योगेन्द्र झा<br>स्थायी ठेगाना : बसवरीया गा.पा.-३, सर्लाही<br>हालको ठेगाना : बरहथवा न.पा.-७, सर्लाही<br>ना.प्र.नं.: १९-०१-७२-०००२९<br>जारी मिति : २०७२/०१/०३<br>जारी जिल्लाः सर्लाही |

| ११. ऋणीको विवरण | | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|---|
| **ऋणीको नामः सावित्री पौडेल/सुजता दाहाल(पौड्याल)**<br>**क) ऋणीको नामः सावित्री पौडेल**<br>बावुको नामः गोविन्द प्रसाद उपाध्याय<br>बाजेको नामः भगीरथ उपाध्याय<br>स्थायी ठेगानाः बलेफी गा.पा.-८, सिन्धुपाल्चोक<br>हालको ठेगानाः काठमाण्डौ म.न.पा.-८, काठमाण्डौ<br>ना.प्र.नं.: २०१०४२/१६४७७३ (काभ्रेपलाचोक)<br>जारी मितिः २०६४-१०-२०<br>जारी जिल्लाः सिन्धुपाल्चोक | **ख) ऋणीको नामः सुजता दाहाल(पौड्याल)**<br>पतिको नामः रुवेन पौड्याल<br>ससुराको नामः गोविन्द प्रसाद उपाध्याय (पौड्याल)<br>स्थायी ठेगानाः मांखा गा.वि.स.-१, सिन्धुपाल्चोक<br>हालको ठेगानाः मध्यपुर ठिमी न.पा.-९, भक्तपुर<br>ना.प्र.नं.: २४-०१-७२-०८०४२<br>जारी मितिः २०७२-१०-२५<br>जारी जिल्लाः सिन्धुपाल्चोक<br>**कर्जा शीर्षकः आवास कर्जा**<br>**शाखा कार्यालयः गट्ठाघर** | **क) नाम, थरः रुवेन पौडयाल**<br>बावुको नामः गोविन्द प्रसाद उपाध्याय (पौडयाल)<br>बाजेको नामः भगीरथ उपाध्याय<br>स्थायी ठेगानाः बलेफी गा.पा.-८, सिन्धुपाल्चोक<br>हालको ठेगानाः मध्यपुर ठिमी न.पा.-९, भक्तपुर<br>ना.प्र.नं.: ४७०४६/११२३४७<br>जारी मितिः २०६०-०२-०८<br>जारी जिल्लाः सिन्धुपाल्चोक |

| १२. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **क) ऋणीको नाम : बाल्कृष्ण पोलिक्लीनिक एण्ड डाइगोनेष्टीक प्रा.लि.**<br>कम्पनीको ठेगाना : काठमाण्डौं म.न.पा.-३५, काठमाण्डौं<br>कम्पनी दर्ता नं.: १६४४१५/०७३/०७४<br>कम्पनी दर्ता मिति : २०७३/११/१२<br>कम्पनीको पान नं.: ६०५९९१३३८<br>कम्पनी दर्ता निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ<br>**अख्तियार प्राप्त व्यक्ति : प्रेम प्रसाद शर्मा**<br>**कर्जा शिर्षक : व्यवसायिक आवधिक कर्जा**<br>**शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाण्डौ**<br>**ख) ऋणीको नाम : वाल कृष्ण फार्मेसी**<br>कम्पनीको ठेगाना : काठमाण्डौं म.न.पा.-३५, काठमाण्डौं<br>कम्पनी दर्ता नं.: १२८४६९/०७२/०७३, स्थानिय व्यापार<br>कम्पनी दर्ता मिति : २०७३/०३/२०<br>कम्पनीको पान नं.: ६००६२३७९९<br>कम्पनी दर्ता निकाय : नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग<br>**अख्तियार प्राप्त व्यक्ति : प्रेम प्रसाद शर्मा**<br>**कर्जा शिर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाण्डौ** | **क) नाम, थर : प्रेम प्रसाद शर्मा**<br>बावुको नाम : कृष्ण प्रसाद जैसी<br>बाजेको नाम : धनपति जैसी<br>स्थायी ठेगाना : अमरापुरी गा.वि.स.-१, नवलपरासी<br>हालको ठेगाना : काठमाण्डौं म.न.पा.-३५, काठमाण्डौं<br>ना.प्र.नं. : ३८३४९<br>जारी मिति : २०६१/०३/२७<br>जारी जिल्ला : नवलपरासी<br>**ख) नाम, थर : दिपा पोखरेल**<br>पतिको नाम : प्रेम प्रसाद शर्मा<br>ससुराको नाम : कृष्ण प्रसाद जैसी<br>स्थायी ठेगाना : गौडाकोट न.पा.-१४, नवलपरासी<br>हालको ठेगाना : काठमाण्डौं म.न.पा.-३५, काठमाण्डौं<br>ना.प्र.नं. : ३८०३५- कपिलवस्तु<br>जारी मिति : २०५८/०८/११<br>जारी जिल्ला : नवलपरासी (बर्दघाट सुस्ता पूर्व)<br>**ग) नाम, थर : कृष्ण प्रसाद जैसी**<br>बावुको नाम : धनपति जैसी<br>बाजेको नाम : रविलाल जैसी<br>स्थायी ठेगाना : पैयु गाउँ पञ्चायत.-६, बाग्लुङ<br>हालको ठेगाना : गैडाकोट न.पा. -१४, नवलपरासी<br>ना.प्र.नं. : १४२०<br>जारी मिति : २०४६/०८/१४<br>जारी जिल्ला : बाग्लुङ | **घ) नाम, थर : विष्णुकला जैसी**<br>पतिको नाम : कृष्ण प्रसाद जैसी<br>ससुराको नाम : धनपति जैसी<br>स्थायी ठेगाना : पैयूँ गाउँ पञ्चायत.-६, बाग्लुङ<br>हालको ठेगानाः गैडाकोट न.पा. - १४, नवलपरासी<br>ना.प्र.नं. : १३३<br>जारी मिति : २०४६/०२/२७<br>जारी जिल्ला : बाग्लुङ<br>**ङ) नाम, थर : चित्र प्रसाद आचार्य**<br>बावुको नाम : कृष्ण प्रसाद जैसी<br>बाजेको नाम : धनपति जैसी<br>स्थायी ठेगाना : अमरापुरी गा.वि.स.-१, नवलपरासी<br>हालको ठेगानाः गैडाकोट न.पा. - १४, नवलपरासी<br>ना.प्र.नं. : ३६३००७/४४६<br>जारी मिति : २०६६/०४/११<br>जारी जिल्ला : नवलपरासी<br>**च) नाम, थर : लक्ष्मी पन्त आचार्य**<br>पतिको नाम : चित्र प्रसाद आचार्य<br>ससुराको नाम : कृष्ण प्रसाद जैसी<br>स्थायी ठेगाना : गैडाकोट न.पा. - १४, नवलपरासी<br>हालको ठेगानाः गैडाकोट न.पा. - १४, नवलपरासी<br>ना.प्र.नं. : ४४-०१-७२-००६७९<br>जारी मिति : २०७२/०२/१९<br>जारी जिल्ला : नवलपरासी |

| १३. ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **ऋणीको नाम : पुस्तक प्रकाशन गृह प्रा.लि.**<br>कम्पनीको ठेगाना : का.म.न.पा वडा नं. ३२, अनामनगर, काठमाण्डौ<br>कम्पनी दर्ता नं.: ६०६४२/०६५/०६६<br>कम्पनी दर्ता मितिः २०६५/११/११<br>कम्पनीको पान नं.: ३०३५३५४१२<br>कम्पनी दर्ता निकाय : कम्पनी रजिष्ट्रारको कार्यालय<br>**अख्तियार प्राप्त व्यक्ति : श्याम प्रसाद उपाध्याय घिमिरे)**<br>**कर्जा शीर्षक : व्यवसायिक डिमाण्ड कर्जा/व्यवसायिक अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : नयाँबानेश्वर, काठमाण्डौं**<br>**व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>**क) नाम, थर : श्याम प्रसाद उपाध्याय (घिमिरे)**<br>बावुको नाम : छविलाल उपाध्याय<br>बाजेको नाम : नन्द लाल उपाध्याय<br>स्थायी ठेगाना : हिमगंगा गा.वि.स-५, रामेछाप<br>हालको ठेगाना : सूर्यविनायक न.पा.-४, भक्तपुर<br>ना.प्र.नं.: ५५३/२११०२१/३४२२<br>जारी मिति : २०३९/१२/०३<br>जारी जिल्ला : रामेछाप<br>**ख) नाम, थर : महेश्वर पिया**<br>बावुको नाम : इन्द्रलाल पिया<br>बाजेको नाम : बिल वहादुर पिया<br>स्थायी ठेगाना : भरतपुर न.पा.-६, चितवन<br>हालको ठेगाना : बुढानिलकण्ठ न.पा.-८, काठमाण्डौ<br>ना.प्र.नं.: ५५९८<br>जारी मितिः २०३८/०७/०६<br>जारी जिल्लाः चितवन | **ग) नाम, थर : निरजा श्रेष्ठ**<br>पतिको नाम : महेश्वर पिया<br>ससुराको नाम : इन्द्रलाल पिया<br>स्थायी ठेगाना : धरान न.पा.-२, सुनसरी<br>हालको ठेगानाः बुढानिलकण्ठ न.पा.-८, काठमाण्डौ<br>ना.प्र.नं.: २४८५<br>जारी मितिः २०४५/०२/२४<br>जारी जिल्लाः सुनसरी<br>**घ) नाम, थर : नगेन्द्र प्रसाद गौतम**<br>बावुको नाम : कृष्ण प्रसाद गौतम<br>बाजेको नाम : जयलाल गौतम<br>स्थायी ठेगाना : सैनामैना -४, रुपन्देही<br>हालको ठेगाना : बुढानिलकण्ठ न.पा-१, काठमाण्डौ<br>ना.प्र.नं.: २३८१, गुल्मी<br>जारी मितिः २०४४/०१/२०<br>जारी जिल्लाः रुपन्देही<br>**ङ) नाम, थर : विनोद कुमार घिमिरे**<br>बावुको नाम : हरि प्रसाद घिमिरे<br>बाजेको नाम : धननाथ घिमिरे<br>स्थायी ठेगाना : लामाटार -६, ललितपुर<br>हालको ठेगानाः महालक्ष्मी न.पा-९, ललितपुर<br>ना.प्र.नं.: ५९४२<br>जारी मितिः २०४१/०४/०८<br>जारी जिल्लाः ललितपुर | **च) नाम, थर : ज्ञान बहादुर कार्की**<br>बावुको नाम : धन बहादुर कार्की<br>बाजेको नाम : दामोदर कार्की<br>स्थायी ठेगाना : सैमराङ गाउँ पञ्चायत-८, कास्की<br>हालको ठेगाना : पोखरा म.न.पा-१३, कास्की<br>ना.प्र.नं.: ग.का ४८<br>जारी मितिः २०४५/१०/०९<br>जारी जिल्लाः कास्की<br>**छ) नाम, थर : मेनु चाम्लीङ्ग (राई)**<br>पतिको नाम : बम बहादुर राई<br>ससुराको नाम : बाल कुमार राई<br>स्थायी ठेगाना : धरमपुर गा.वि.स.-५, झापा<br>हालको ठेगाना : सूर्यविनायक न.पा.-४, भक्तपुर<br>ना.प्र.नं.: ९७७३७५१०<br>जारी मिति : २०५५/०८/२७<br>जारी जिल्ला : झापा<br>**ज) नाम, थर : सुवास उप्रेति**<br>बावुको नाम : नारायण प्रसाद उप्रेति<br>बाजेको नाम : मोहन लाल उप्रेति<br>स्थायी ठेगाना : छातेढुंगा गा.पं-४, तेह्रथुम<br>हालको ठेगाना : का.म.न.पा-२९, काठमाण्डौ<br>ना.प्र.नं.: १८८<br>जारी मिति : २०४६/१०/०२<br>जारी जिल्ला : तेह्रथुम |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१४ पुस २०८१, आइतबार
29 December 2024, Sunday

# ‘कन्दरा’ ब्यान्डले नयाँ गीत ल्याउँदै



